**मजदुर विज्ञापन शाखा**
नागाँचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१


# मजदुर
## The Worker Daily दैनिक


Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : १६३ ★ ने. सं. ११४६ तछला गा, पञ्चमी ★ आइतबार ★ २१ असार, २०८३ ★ July 5 , 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# एसईई २०८२ का सर्वोत्कृष्ट विद्यार्थी र विद्यालय सम्मान तथा 'सञ्चार माध्यममा भक्तपुर नपा'- भाग २ पुस्तक सार्वजनिक



भक्तपुर, २० असार । भक्तपुर नगरपालिकाको आयोजनामा शैक्षिक सत्र २०८२ को माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्कृष्ट नतिजा हासिल गरेका विद्यार्थी तथा विद्यालयलाई सम्मान तथा 'सञ्चार माध्यममा भक्तपुर नपा' - भाग २ पुस्तक सार्वजनिक कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले एसईई २०८२ मा ४ जिपिए हासिल गर्न सफल सर्वोत्कृष्ट विद्यार्थीहरूलाई नगद पुरस्कारसहित प्रमाणपत्र तथा शतप्रतिशत उत्तीर्ण गराउन सफल विद्यालयलाई प्रमाणपत्र र मायाको चिनो प्रदान गरी सम्मान गर्नुका साथै भक्तपुर नगरपालिकाद्वारा प्रकाशित 'सञ्चार माध्यममा भक्तपुर नपा'- भाग २ पुस्तक सार्वजनिक गर्नुभयो ।

कार्यक्रममा सचिव सुवालले कुनै पनि संस्थाको महत्त्वपूर्ण कामहरू अभिलेखीकरणको ऐतिहासिक महत्त्व रहने बताउनुभयो ।

उहाँले आत्म प्रशंसाभन्दा रचनात्मक आलोचना भए सुधारको अवसर प्राप्त हुने उल्लेख गर्दै पुस्तकमा पत्रकारको दृष्टिकोणबाट भक्तपुरका विविध विषय समेटिनु भक्तपुरको लागि सकारात्मक पक्ष भएको बताउनुभयो ।

भक्तपुरको ऐतिहासिक, सांस्कृतिक र पुरातात्त्विक सम्पदाको संरक्षण तथा व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने उल्लेख गर्दै उहाँले युरोपको भेटिकन सिटीजस्तै भक्तपुरको संरक्षण जरूरी भएको उल्लेख गर्नुभयो ।

विद्यार्थीलाई पाठ्यक्रममा मात्र सीमित नराखी देश-विदेशका सान्दर्भिक विषयबारे पनि अध्ययन गराउनुपर्ने, उमेर, जात वा भाषाभन्दा विषयवस्तुप्रतिको अनुभव र योग्यता महत्त्वपूर्ण हुने बताउनुभयो ।

व्यक्तिगत स्वार्थभन्दा माथि उठेर समाज र देशको हितमा काम गर्न नयाँ पुस्तालाई उत्सहित गर्नुपर्ने बताउँदै उहाँले विद्यार्थीहरूमा ऐस-आरामको जीवनभन्दा परिश्रम गर्ने देशभक्त हुनुपर्नेमा जोड दिनुभयो ।

नगरपालिकाले घोषणापत्रमा उल्लेख बाँकी प्रतिबद्धताहरू कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै सचिव सुवालले भदौ २३ गते निहत्था जनताको हत्या गर्ने र भदौ २४ गते देशभरि आगजनी गर्नेलाई कारबाही हुनुपर्नेमा जोड दिनु भयो ।

उहाँले देको-मिवा-इतापाके आवास योजना जनताको उपयुक्त गुनासो सम्बोधन गरी पूरा गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले यस वर्षको एसईई नतिजाले भक्तपुरको शैक्षिक गुणस्तरलाई थप पुष्टि गरेको बताउँदै यस वर्ष भक्तपुर नगरपालिकाभित्र सञ्चालित सामुदायिक र संस्थागत विद्यालयबाट १३ जना विद्यार्थीले ४.० जीपीए प्राप्त गरेको र ७ वटा विद्यालयले शतप्रतिशत नतिजा हासिल गरेको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुरलाई ज्ञान-विज्ञानको केन्द्र तथा 'एक घर, एक स्नातक' बनाउने अवधारणाले जनप्रतिनिधिहरूलाई काम गर्न थप उत्साहित बनाएको उल्लेख गर्नुभयो ।

उहाँले भक्तपुरले एसईईमा प्राप्त गरेको उपलब्धि प्रशंसनीय भए पनि आगामी वर्षहरूमा नतिजालाई अझ उत्कृष्ट बनाउन सबै पक्षले थप प्रयास गर्नुपर्नेमा जोड दिँदै एसईईपछि उच्च शिक्षा अध्ययनका लागि विद्यार्थी बाहिरिनुपर्ने अवस्था अन्त्य गर्न भक्तपुर नगरपालिकाले आफ्नै मातहतमा विभिन्न कलेज सञ्चालन गरिरहेको जानकारी दिनुभयो ।

नगरपालिकाले विद्यालयहरूलाई नियमित अनुदान, शिक्षकका लागि आवश्यक तालिम, अनुसन्धान गर्ने शिक्षक तथा विद्यार्थीलाई अनुसन्धानवृत्तिका आर्थिक अवस्था कमजोर तर जेहनदार विद्यार्थीलाई छात्रवृत्तिलगायतका सुविधा उपलब्ध गराउँदै आएको उहाँले जानकारी दिनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले सर्वोत्कृष्ट विद्यार्थी सम्मानित गर्न पाउँदा अत्यन्त हर्षित भएको बताउनुभयो । उहाँले विद्यार्थीको मेहनत, अनुशासन र निरन्तर परिश्रमका कारण यो उपलब्धि हासिल भएको उल्लेख गर्दै यसमा विद्यालय, अभिभावक तथा शिक्षक-शिक्षिकाको योगदान पनि उत्तिकै महत्त्वपूर्ण रहेको बताउनुभयो ।

उहाँले एसईई नै जीवनको अन्तिम गन्तव्य नभई उज्ज्वल भविष्य निर्माण गर्ने यात्राको सुरुआत मात्र भएको उल्लेख गर्दै आगामी अध्ययनमा पनि लगनशील, अनुशासित र लक्ष्यप्रति प्रतिबद्ध भएर अघि बढ्न विद्यार्थीहरूलाई शुभकामना दिनुभयो ।


*बाँकी पृष्ठ ८ मा*


# नराम्रा मानिसले राम्रा मानिसलाई दुःख दिन्छ !

२० असार २०८३ को 'नागरिक' शनिबार को अङ्कमा छापियो - 'स्वास्थ्य बीमा निल्नु न ओकल्नु ।' 'नागरिक' ले लेख्यो - 'बोर्डले मङ्सिरसम्म २३ अर्ब ४४ करोड २ लाख ९८ हजार रुपैयाँ सेवा प्रदायक अस्पतालहरूलाई भुक्तानी गरिसकेको र दिगो स्रोत सुनिश्चितताका लागि समन्वय भइरहेको छ ।'

दुष्ट मानिस गाउँ, टोल, वडा, नगर जहाँ पनि धेरै वा थोरै हुन्छन् । जुन ठाउँमा दुष्टहरू कम छन् त्यहाँका नागरिकहरूले सुख पाउँछन्, जहाँ दुष्टहरू बढी हुन्छन् त्यहाँ व्यापक जनताले दुःख पाएका हुन्छन् । भारतजस्तो ठूलो र सबभन्दा बढी जनसङ्ख्या भएको देशमा पनि बिचौलिया र जनतालाई दुःख दिन पल्केका दुष्टहरूले मुखले राम्रो कुरो गर्दै व्यवहारमा जनतालाई अति दुःख हुने बाटोमा हुल्याइरहेका छन् ।

सरलतापूर्वक काम भइरहेका अस्पतालहरूमा समेत एक-दुई जना छिट्टै पैसा कमाउनुपर्ने डाक्टरहरूले महँगा औषधिका कम्पनीहरूसँग मिलेर महँगा औषधिहरू सिफारिस गर्छन् रबीमालाई टाट पल्टाउने काम गराउँछन् ।

निजी अस्पतालहरूमा उपचार गर्ने धनाढ्यहरूले पनि बीमाबाट पैसा लिने काम गरेपछि गञ्जागोल सुरू भयो । तिनीहरूको भनाइ हो - धनी होस् वा गरिब सबै नेपाली नागरिक बराबर हुन्, गरिबले पाउने सहुलियत धनीले पनि पाउनुपर्छ अर्थात् महँगा औषधि लेख्ने डाक्टरले पनि कमिसन पाउनुपर्छ भन्ने अर्थ लगाइँदै छन् ।

त्यसको उत्तरमा संवेदनशील जनता भन्छन्, "हामी सबै नेपाली ईश्वरकै सन्तान हुन् । घाम, पानी, हावा जसरी गरिब र धनीले बराबर पाउँछन् त्यस्तै सबै सम्पत्ति धनीले मात्र होइन गरिबहरूले पनि पाउनुपर्छ ।"

निजी र सरकारी अस्पतालमा एक-दुई जना मानिसका दुष्ट विचारले धेरै जनताले दुःख पाउँदै छन् । करोडौं घुस नदिएको भनी प्रम ओलीको प्रधानमन्त्रीत्व कालमा औषधि व्यवस्था विभागले राम्रा राम्रा औषधि देशभित्र बेच्न भित्रिन नदिँदा धेरै क्यान्सरका बिरामीहरू असमयमै मर्न विवश भए । त्यस्तै बीमा सेवाबाट धेरै गरिब रोगीहरूको उपचार पाइरहँदा छाती पोलेका दुष्टहरूको कारण गरिब रोगीहरू बिनाउपचार आज जिउने र मर्ने दोसाँधमा छन् । सबै मिलेर सबैको उपचारको कामना गरौं भन्ने भावना चारैतिर फैलिँदै छ । दुष्टहरूको मनलाई पनि कसरी परिवर्तन गराउने हो सोचौं भन्ने भावना बढ्दै छ ।

XXX

**अर्थमन्त्रीको कामभन्दा धाक ठूलो !**

नार्सियाली रोगबाट पीडित र दलबदलको मानले चर्चित अर्थमन्त्री स्वर्णिम वाग्लेले अर्थतन्त्र सुधारको लागि काम भएको दाबी गर्दै आएका छन् ।

'लगानी र खर्चमा भएन सुधार, निजी क्षेत्रको बढेन मनोबल' - कान्तिपुर, २० असार २०८३ ।

तराईमा एउटा उखान छ - साउनमा जन्मेको बगेरीले भदौमा भन्यो, 'मैले जीवनमा यस्तो बाढी कहिले देखिन्न ।' बगेरी चरालाई पहाड र उपत्यकाका बालकदेखि ज्येष्ठ नागरिकलाई सजिलै बुझाउन 'भँगेरा' भन्दा फरक पर्दैन ।

त्यस्तै भर्खर १०० दिन नाघेको सरकारको अर्थमन्त्रीले भने, 'लगानी र खर्चमा भएन सुधार ।' के के गर्दा लगानी र खर्चमा सुधार हुन्छ र सरकारले के के काम गऱ्यो भनी अर्थमन्त्रीले सदनलाई जानकारी दिएका छन् र भनी प्रश्न उठ्नु स्वाभाविक छ ।

'निजी क्षेत्रको बढेन मनोबल' भन्ने मन्त्रीलाई थाहा हुनुपर्छ - २००७ सालपछि निर्वाचित सरकारहरूले आफ्नो बजेट भाषणमा कहिल्यै निजी क्षेत्रको उत्पादनको स्थिति र वर्षभरिको उत्पादन के कसरी बढाउने र वृद्धिको कहिले


*बाँकी पृष्ठ ८ मा*


**व्यङ्ग्यचित्रको कुनो**




# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप - ४५

**युवराज थापाको कागज व्यहोरा :**

म १२:०० बजेतिर बानेश्वरमा भएको आन्दोलनको अग्रपङ्क्तिमा थिएँ । सुरक्षाकर्मीले निषेधित क्षेत्रबारे जानकारी दिए पनि वार्ताको अपिल गरेनन् । मेरो हिप र छातीमा लाठी प्रहार भएको छ । आयोगबाट क्षतिपूर्ति, नीति सुधार र न्यायिक कारबाही होस् । आन्दोलनमा घुसपैठ भएको छ ।

**सुरेन्द्रजङ थापाको कागज व्यहोरा :**

म संसद् भवनअगाडि १२:३० बजे सहभागी भएको थिएँ । मेरो खुट्टा, कुहिनो र तिघ्रामा गोली लागेको छ । उपचार स्वतन्त्र रूपमा भयो । सरकारले दमन गऱ्यो । आयोगबाट क्षतिपूर्ति, न्यायिक कारबाही चाहन्छु । आन्दोलनमा घुसपैठ भएको छ ।

**दिपेन गुरूङको कागज व्यहोरा:**

म डिल्लीबजारको आन्दोलनमा सहभागी थिएँ । मेरो छातीमा गोली लागेको छ । उपचार स्वतन्त्र रूपमा भयो । सरकारले दमन गऱ्यो । आयोगबाट क्षतिपूर्ति, नीति सुधार, न्यायिक कारबाही चाहन्छु । आन्दोलनमा घुसपैठ भएको छ ।

**अशोक राईको कागज व्यहोरा :**

म भदौ २४ गते १०:०० बजेतिर गौशालाको आन्दोलनमा सहभागी थिएँ । मेरो दुवै घुँडामा गोली लागेको छ । मैले स्वतन्त्र रूपमा उपचार गरेको हो । आन्दोलनमा घुसपैठ भएको छ ।

**सन्तोष चौलागाईंको कागज व्यहोरा :**

म माइतीघरदेखि बानेश्वरसम्मको आन्दोलनमा सहभागी थिएँ । सुरक्षाकर्मीले कुनै चेतावनी दिएनन् । मेरो टाउकोमा लाठी, टियरग्यास लागेको छ । मेरो उपचार स्वतन्त्र रूपमा भयो । आन्दोलनमा घुसपैठ भएको छ ।

**सूर्यसन प्रजापतिको कागज व्यहोरा :**

म भदौ २३ गते बानेश्वरमा र २४ गते जिल्ला प्रशासन कार्यालय भक्तपुरमा भएको आन्दोलनमा सहभागी थिएँ । त्यहाँ नेपाली सेना र प्रहरी थिए । मेरो टाउकोमा टियरग्यास लागेको छ । आयोगबाट क्षतिपूर्ति, नीति सुधार र न्यायिक कारबाही चाहन्छु ।

**रमीन्द्र पासवानको कागज व्यहोरा :**

म २४ गते गौशाला चोकको आन्दोलनमा सहभागी हुँदा औँलामा गोली लागेको छ । करिब १२ मिटरको दुरीबाट फायर भएको थियो । उपचारमा ढिलाइ भयो । आन्दोलनमा घुसपैठ भएको छ । ऐन कानुनमा सुधार होस्, जेनजेडका मागहरू पूरा होस् ।

**युवराज उपाध्यायको कागज व्यहोरा :**

म बानेश्वर चोकमा भएको आन्दोलनमा सहभागी थिएँ । प्रदर्शन शान्त थियो । सुरक्षाकर्मी र हामीबिचको दुरी करिब ३० मिटरजति थियो । उपचार स्वतन्त्र रूपमा समयमै पाइयो । आन्दोलनमा घुसपैठ भएको हो ।


*बाँकी पृष्ठ ८ मा*



**लमजुङ दरबारको पुनर्निर्माण गरिँदै**

लमजुङको बेँसीसहर नगरपालिका-३ गाउँ सहरस्थित लमजुङ दरबारको पुनर्निर्माण गर्दै कामदार । तस्बिर: जनक श्रेष्ठ / रासस

# विद्यार्थीहरूले देश र समाजबारे पनि चिन्तन मनन गर्नुपर्ने

भक्तपुर, २० असार । नेमकिपा भ.न.पा.४ वडा समितिको आयोजनामा शुक्रबार नेक्राविसङ्घ समर्थित विद्यार्थीहरूको भेला सम्पन्न भयो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य रवीन्द्र ज्याख्वले कलेजमा अध्ययन गरिरहेका विद्यार्थीहरूले पढाइबाहेक देश र समाजबारे चिन्तन मनन गर्नुपर्ने र घर परिवारसँगै समाजको सकारात्मक परिवर्तनका लागि सामाजिक जिम्मेवारी बहन गरी विगतमा अग्रज पुस्ताले गाउँ, नगर र देशको निम्ति गरेका योगदानबाट अभिप्रेरित भई आपराधिक गतिविधिबाट टाढा रहनुपर्ने मार्ग निर्देश गर्नुभयो ।

अध्ययन र स्थानीय जिम्मेवारीलाई सँगसँगै लग्न जोड दिँदै उहाँले भविष्यमा पेसागत सक्रियता र इमानदारिताको लागि साङ्गठनिक जीवनको अनुभव लिनुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले चालू विश्वकप फूटबलमा इरानी खेलाडीहरू र हेडकोचप्रति ट्रम्प प्रशासनले गरेको दुर्व्यवहारप्रति खेद प्रकट गर्दै खेलमा पनि राजनीति घुस्ने तर्क गर्दै फूटबलका महान खेलाडी म्याराडोनाले सन् २०१४ को एउटा अन्तर्वार्तामा अमेरिकाले विश्वकप आयोजना गर्दा खेलभन्दा पनि विज्ञापनमार्फत पैसा असुल्ने काम गर्नेछ भन्ने अभिव्यक्ति सान्दर्भिक भएको उल्लेख गर्नुभयो ।

ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलनको संस्मरण गर्दै उहाँले जनताले सहकारी ठगी र अनियमितता गर्ने कसैलाई बाँकी नराख्ने जिकिर गर्नुभयो । बुर्किना फासोका राष्ट्रपति इब्राहिम टावेलले आफू मात्रै धनी भएर पुग्दैन, समाज नै धनी बन्नुपर्छ भन्ने कम्युनिस्ट विचार राखेर काम गर्दा अहिले ६ वर्षपछि कृषि, बिजुलीमा आत्मनिर्भर देश बनाउन सफल भएको बताउँदै उहाँले स्पष्ट दृष्टिकोणबिना व्यक्ति एक्लै अगाडि बढ्न खोज्नु भनेको अराजकता हो भन्नुभयो । अतिथि ज्याख्वले नयाँ पुस्ताले संस्कार र संस्कृति सिक्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेक्राविसङ्घ भनसका सचिव प्रज्वल कोजूले उत्तर कोरिया, चीन, क्युवाजस्ता समाजवादी देशहरूमा श्रमसित जोडिएको व्यावहारिक शिक्षा नीति रहेको चर्चा गर्दै नेक्राविसङ्घले विद्यार्थीहरूको हक हितका लागि काम गर्दै आएको बताउनुभयो । उहाँले शुल्क वृद्धि, मूल्य वृद्धि, सीमा अतिक्रमणजस्ता जनविरोधी काम कारबाहीहरूको विरुद्ध निरन्तर आवाज उठाउँदै आइरहेको बताउनुभयो ।

नेमकिपा ४ वडा समितिका अध्यक्ष पशुपति प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा समितिका उपाध्यक्ष कृष्णलक्ष्मी दुवाल, सचिव विश्वराम दुवाललगायतले बोल्नुभयो । सोही वडास्तरीय विद्यार्थी भेलाबाट चन्द्र प्रजापतिको अध्यक्षतामा १५ सदस्यीय नेक्राविसङ्घ भ.न.पा. ४ वडा समिति गठन गरिएको छ ।

# भक्तपुर नगरपालिका-१० मा डेङ्गु, रेबिज र बर्ड फ्लुबारे छलफल

भक्तपुर, २० असार । भक्तपुर नगरपालिका-१० वडा कार्यालयको आयोजनामा डेङ्गु रोगबारे प्रचारप्रसार तथा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले वडा कार्यालयले विगत पाँच-छ वर्षदेखि निरन्तर जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिनुभयो ।




शनिबार वडा कार्यालयको सभाहलमा छलफल तथा सचेतना कार्यक्रम सम्पन्न भयो । कार्यक्रम वडा अध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाको सभापतित्वमा भएको थियो ।

कार्यक्रममा वडा अध्यक्ष ह्यौँमिखाले डेङ्गु रोग नियन्त्रणका लागि

उहाँले आगामी दिनमा वडाअन्तर्गतका प्रत्येक टोल-टोलमा पुगेर यस्ता कार्यक्रम सञ्चालन गरिने जानकारी दिँदै डेङ्गु नियन्त्रणको सबैभन्दा प्रभावकारी उपाय सरसफाइ नै भएको बताउनुभयो । घर, आँगन, छत, पानी जम्ने भाँडो तथा वरपरका स्थानहरू नियमित सफा राखेमा लामखुट्टेको प्रजनन रोक्न सकिने र यसबाट डेङ्गुरोग नियन्त्रणमा ठुलो सहयोग पुग्ने उहाँको भनाइ थियो । उहाँले विगतमा अग्रज पुस्ताले अपनाएको सरसफाइ संस्कार अहिले नयाँ पुस्तामा पनि विकास हुँदै गएको उल्लेख गर्दै समुदायमा सफाइप्रतिको चेतना बढ्दै जाँदा विभिन्न सरुवा रोगको जोखिमसमेत घट्दै गएको बताउनुभयो । “हामी सबैले आफ्नो घर र समुदाय सफा राख्न सके डेङ्गुजस्ता रोगबाट सजिलै बच्न सकिन्छ,” उहाँले भन्नुभयो ।

डा. रत्नसुन्दर लासिवाले डेङ्गु रोगको अवस्था, सङ्क्रमण फैलिने कारण, लक्षण, उपचार तथा रोकथामका उपायबारे जानकारी दिनुभयो । उहाँले डेङ्गु सार्ने एडिज जातको लामखुट्टे सफा र जमेको पानीमा प्रजनन गर्ने भएकाले घर तथा वरपर पानी जम्न नदिन विशेष ध्यान दिनुपर्ने बताउनुभयो । ज्वरो आउने, टाउको दुख्ने, आँखा दुख्ने, शरीर र जोर्नी दुख्ने, वाकवाकीलगायतका लक्षण देखिएमा ढिलाइ नगरी स्वास्थ्य संस्थामा परीक्षण गराउन उहाँले आग्रह गर्नुभयो ।

पशु सेवा शाखाका कर्मचारी पार्वती योञ्जनले रेबिज र बर्ड फ्लुबारे जानकारी गराउँदै यी रोगबाट बच्न अपनाउनुपर्ने सावधानीबारे प्रस्तुति दिनुभयो । उहाँले रेबिजबाट बच्न कुकुर तथा बिरालोलाई नियमित खोप लगाउनुपर्ने, कुनै जनावरले टोकेमा तत्काल साबुनपानीले घाउ सफा गरी स्वास्थ्य संस्थामा पुग्नुपर्ने बताउनुभयो । बर्ड फ्लुको जोखिम न्यूनीकरणका लागि बिरामी वा मरेका चरासँग प्रत्यक्ष सम्पर्क नगर्न, पोल्ट्री फार्ममा जैविक सुरक्षा अपनाउन तथा शङ्कास्पद अवस्था देखिएमा सम्बन्धित निकायलाई जानकारी गराउन आग्रह गर्नुभयो ।

कार्यक्रमको सञ्चालन वडा सदस्य जितेन्द्र मुनंकर्मीले गर्नुभएको थियो ।

# सेवानिवृत्त राष्ट्रसेवक कर्मचारीले पाउने भुक्तानी असार २५ गतेसम्म हुने

काठमाडौँ, २० असार । महालेखा नियन्त्रक कार्यालयले सेवानिवृत्त हुने राष्ट्रसेवक कर्मचारीको असार २५ गतेसम्म सुविधाबापतको रकम निकासा गरी भुक्तानी गर्न/गराउनका लागि सबै कोष तथा लेखा नियन्त्रक कार्यालयलाई निर्देशन दिएको छ ।

महालेखा नियन्त्रक कार्यालयका लेखा अधिकृत सुभाषचन्द्र अर्यालले पत्राचार गरेर सेवानिवृत्त कर्मचारीको सुविधामध्ये उपदान, सञ्चित बिदा र औषधीउपचार बापत पाउने रकम भुक्तानी गर्नु/गराउनुहुन अनुरोध गरिएको बताउनुभयो ।

कार्यालयको यही असार १९ गतेको निर्णयअनुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम (२) बमोजिम भुक्तानी निकासा गर्न/गराउन अख्तियारीको अवधि थप गरिएको लेखा अधिकृत अर्यालले जानकारी दिनुभयो । यसअघि कार्यालयले असार २० गतेसम्म मात्रै भुक्तानी तथा निकासा गर्ने भने पनि केही समयको लागि अवधि बढाइएको जनाएको छ । रासस

# विदेशी पर्यटक बढे

काठमाडौँ, २० असार । नेपालमा विदेशी पर्यटकको आगमन बढेको छ । नेपाल पर्यटन वोर्डका अनुसार गत वर्षको ६ महिनाको तुलनामा यस वर्षको सोही अवधिमा विदेशी पर्यटक आगमन बढेको हो ।

बोर्डका अनुसार सन् २०२५ को जनवरीदेखि जुनसम्म पाँच लाख ७७ हजार ६८९ विदेशी पर्यटक नेपाल भित्रिएकामा यसवर्षको सोही अवधिमा कुल छ लाख २० हजार ४५३ नेपाल आएका छन् ।

नेपाल पर्यटन बोर्डका अनुसार अन्तर्राष्ट्रिय हवाई उडान विस्तारलगायतका कारणले विदेशी पर्यटक आगमन बढेको हो ।

# अर्थशास्त्रसम्बन्धी अभिमुखीकरण सम्पन्न




भक्तपुर, २० असार । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समितिको आयोजनामा अर्थशास्त्रसम्बन्धी अभिमुखीकरण कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा शनिबार सम्पन्न भयो ।

संस्थाका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिहरू र विभागीय व्यवस्थापनको सहभागिता रहेको सो कार्यक्रममा प्रशिक्षक ख्वप कलेजका उपप्राध्यापक राजन फाँजुले सहजीकरण गर्नुभएको थियो ।

कार्यक्रममा अर्थतन्त्र बुझ्ने सरल यात्रा ‘सम्पत्तिदेखि सुनसम्मको’ विषयसँग जोडिएर विशेषत: मुद्रासम्बन्धी, बजार मूल्यदर, माग तथा आपूर्ति, तरलता, मुद्रास्फितिबारे जानकारी गराउनुभयो ।

प्रशिक्षक फाँजुले धेरै पैसा हुँदैमा देश विकास नहुने धेरै वस्तु तथा गुणस्तरीय सेवा उत्पादनबाट मात्र देश समृद्ध हुनेबारेमा विभिन्न देशको उदाहरणबाट प्रस्ट पार्नुभयो । पुँजीको परिचालन उत्पादनशील क्षेत्रमा हुनु आजको आवश्यकता रहेको उहाँले औँल्याउनुभयो ।

देशमा उत्पादन नहुँदा निर्यातभन्दा पनि आयातमा मात्र भर परेमा जिम्बावेको जस्तै मुद्राको अवस्था हुने बताउनुभयो ।

सोही दिन शिक्षा उपसमितिको आयोजनामा अनिवार्य शिक्षा शिविर सिद्धि गणेश तालिम हलमा सम्पन्न भएको थियो ।

संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले एकआपसमा मिली कुनै कार्य गर्नु नै सहकारी हो भन्दै नीतिसङ्गत सञ्चालन हुने सहकारी संस्था उत्कृष्ट हुने बताउनुभयो । उहाँले सहकारी संस्थाका सदस्यहरूको अधिकार र दायित्वबारे चर्चा गर्दै सदस्यहरूको आर्थिक सुरक्षाको जिम्मेवारी संस्थाका सञ्चालकहरूको हुने उल्लेख गर्नुभयो ।

उहाँले संस्थाका हरेक सदस्यहरूलाई सहकारीताबारे सचेत गर्दै जानुपर्ने आवश्यकता औँल्याउँदै संस्थाबाट न्यून ब्याजदरमा ऋण लगानी तथा विभिन्न सीपमूलक तालिमहरू प्रदान गरी सदस्यहरूको निम्ति आर्थिक अवसरहरू सिर्जना गर्दै आएको बताउनुभयो ।

कार्यक्रमका सभापति, संस्थाका सचिव एवं उपसमितिका संयोजक विष्णुप्रसाद दुमरुले सदस्यले आफूले कारोबार गर्ने सहकारी संस्थाबारे जानकार भएर मात्र कारोबर गर्नुपर्ने बताउँदै सहकारी संस्थाले आफ्नो कार्यक्षेत्रका सदस्यहरूसँग मात्र कारोबार गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले विगतमा सानो रकम व्यवस्था गर्न पनि साहुमहाजनकहाँ धाउनुपर्ने बाध्यता रहेको र सो ऋणको साँवा ब्याज एकमुष्ट तिर्नुपर्दा न्यून आय भएका किसानलाई समस्या परेको हुनाले स्थापनाकालदेखि नै संस्थाले किस्ताबन्दी ऋण प्रदान गरी सदस्यहरूको आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउँदै आएको बताउनुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाई तथा शिक्षा उपसमितिका सदस्य रामहरि ताम्राकारले पनि बोल्नुभएको थियो ।

# क्षमता अभिवृद्धि तालिम




भक्तपुर, २० असार । झीगु ख्वप बचत तथा ऋण सहकारी संस्था लि. को आयोजनामा सञ्चालक समिति र कर्मचारीहरूलाई लक्षित गरी क्षमता अभिवृद्धि तालिम सञ्चालन गरियो ।

संस्थापक अध्यक्ष श्रीकृष्ण किसीले विज्ञान र प्रविधिको वर्तमान समयमा सञ्चालक र कर्मचारीहरूले समानुकूल ज्ञान र सीप हासिल गर्दै लानुपर्ने बताउनुभयो । अध्यक्ष नारायणप्रसाद कवांले सञ्चालक समिति र कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न तालिम सञ्चालन गरेको हो; आफूले सिकेका कुरा व्यवहारमा उतारेर संस्थाको विकास गर्नुपर्ने धारणा राख्नुभयो ।

व्यवस्थापक तुल्सी ग्वाछ्छाले तालिमको औचित्यबारे प्रकाश पार्नुभयो । प्रशिक्षक राधेश्याम दुवालले दिनुभएको तालिममा आशाकुमार चिकंबञ्जारले पनि तालिमको महत्त्वबारे बोल्नुभयो ।

तालिमको समापनमा उपाध्यक्ष पुण्यराम कवांले तालिमबारे सिकेका ज्ञान र सीपलाई व्यवहारमा उतार्न अनुरोध गर्दै प्रशिक्षक र तालिम लिनुहुने सबैलाई धन्यवाद दिनुभयो ।

# जिल्लाव्यापी अन्तरसहकारी भेन्ट्रान्स डबल्स ब्याडमिन्टन प्रतियोगिता सुरु



भक्तपुर, २० असार। भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.को खेलकुद उपसमितिको आयोजनामा शनिबारदेखि भक्तपुर जिल्लाव्यापी अन्तरसहकारी भेन्ट्रान्स डबल्स ब्याडमिन्टन प्रतियोगिता लिबालीस्थित जिम्नास्टिक कभर्ड हलमा सुरु भएको छ।

भक्तपुर जिल्ला ब्याडमिन्टन सङ्घका अध्यक्ष राजेन्द्रप्रसाद प्रजापति र भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वलाई ब्याट र कर्क हस्तान्तरण गरी खेल सुरु गरी उद्घाटन भएको उक्त कार्यक्रममा प्रमुख अतिथि ज्याख्वले सहकारीले आर्थिकसँगै खेलकुदका गतिविधिहरू गर्नु राम्रो पक्ष भएको बताउनुभयो।

उहाँले अनुशासन, स्वास्थ्य र मित्रताको लागि सहकारीबाट यस्तो प्रतियोगिता निरन्तर गर्नुपर्नेमा जोड दिनुभयो।

संस्थाका अध्यक्ष निर्मल प्रजापतिले कुनै पनि खेलमा खेलाडीको गहना भनेकै मर्यादा र अनुशासन भएकोले आर्थिक, सांस्कृतिक पक्षसँगै खेलकुदबाट समाजलाई समृद्ध बनाउनुपर्ने बताउनुभयो।

त्यस्तै भक्तपुर जिल्ला ब्याडमिन्टन सङ्घका अध्यक्ष राजेन्द्रप्रसाद प्रजापतिले भक्तपुर बचतले गरेको अन्तरसहकारी ब्याडमिन्टन प्रतियोगिताजस्तै विद्यालयस्तरीय प्रतियोगिता पनि गर्नुपर्नेमा जोड दिनुभयो।

प्रमुख निर्णायक एवम् अन्तर्राष्ट्रिय ब्याडमिन्टनका रेफ्रि राधेश्याम मचामसीले खेलका नियमहरूबारे जानकारी दिनुभएको थियो। निरञ्जन प्रजापतिले सञ्चालन गर्नुभएको उक्त कार्यक्रम आयोजक समितिका संयोजक राजेश प्रजापतिको सभापतित्वमा भएको थियो।

बेस्ट अफ थ्रीको नियमअनुसार खेलाइने उक्त प्रतियोगिताका लागि जिल्लाका २० वटा बचत तथा ऋण सहकारी संस्थाबाट २१ वटा टीमले भाग लिएका थिए। प्रतियोगिताको पहिलो दिनको खेलबाट अनमोल बचत, शुभकामना बचत (ख), चण्डेश्वरी बचत (ख) र सङ्गम बचत सेमिफाइनल खेलका लागि छनोट हुन सफल भएको छ। प्रतियोगिताको सेमिफाइनल र फाइनल खेल आइतबार बिहान ७ बजेबाट सोही स्थानमा हुने संस्थाले जानकारी दिएको छ।



**खेत खनजोत गर्दै महिला**

दाङको घोराही उपमहानगरपालिका -१२ स्थित ज्यामिरे खोलामा खेत खनजोत गर्दै महिला किसान। *तस्वीर : रञ्जिता अधिकारी/रासस*

# बागमती नदीमा डेब्रिज थुप्रिनु काठमाडौँ डुबानको मुख्य कारण

काठमाडौँ, २० असार। काठमाडौँमा वर्षापछि बागमती नदीमा डेब्रिज (गेग्रान तथा फोहर) थुप्रिएर नदीको सतह उच्च हुँदा सहायक नदीमा पानीको निकास अवरुद्ध भई विभिन्न सडक डुबानमा पर्ने समस्या देखिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

यही असार १८ गतेको अविरल वर्षापछि काठमाडौँ उपत्यकाका विभिन्न सडक जलमग्न भई सवारी आवागमन प्रभावित बनेपछि ट्राफिक प्रहरीले विज्ञ टोलीसहित शुक्रबार यहाँका बागमतीसहित सहायक नदीहरूको स्थलगत निरीक्षण गरेको थियो।

उक्त निरीक्षण अध्ययनका क्रममा बागमती नदीको सतह डेब्रिज उच्च हुँदा टुकुचा, धोबीखोला, विष्णुमतीलगायत सहायक नदीबाट आउने पानी सहज रूपमा बग्न नसकी उल्टो बहाव (ब्याक फ्लो) हुने अवस्था देखिएको उपत्यका ट्राफिक प्रहरीले निष्कर्ष निकालेको छ।

वर्षा हुँदा बागमती नदीको सतह सहायक नदीभन्दा माथि पुग्ने गरेकाले वर्षाको पानी नदीमा मिसिन नसकी सडकतर्फ फैलिने र सडक जलमग्न हुने गरेको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले बताउनुभयो।

उहाँले भन्नुभयो, "बागमतीमा थुप्रिएको डेब्रिजका कारण नदीको सतह उचालिएको छ। यसले सहायक नदीहरूको पानीको निकास रोकेको देखिन्छ। सम्बन्धित निकायले विस्तृत अध्ययन गरी दीर्घकालीन समाधान खोज्न आवश्यक छ।"

वर्षात्को समयमा हुने सडक डुबान न्यूनीकरणका लागि बागमती नदीबाट कम्तीमा पनि डेढ मिटर गहिराइसम्म डेब्रिज हटाउनसके पानीको बहाव सहज हुने भन्दै यसले सडकमा पानी जम्ने समस्या उल्लेखनीय रूपमा कम हुने उहाँले विश्वास व्यक्त गर्नुभयो।

काठमाडौँ उपत्यकामा वर्षायाममा सडक डुबानको दीर्घकालीन समाधानका लागि नदीको नियमित सफाइ, डेब्रिज व्यवस्थापन, प्रभावकारी ढल तथा पानी निकास प्रणाली सुधारमा सम्बन्धित निकायले समन्वयात्मक रूपमा काम गर्नुपर्ने आवश्यकता उक्त अनुगमन टोलीले औँल्याएको छ।

ट्राफिक प्रहरीका अनुसार बिहीबारको वर्षापछि सिंहदरबार, न्युप्लाजा, अनामनगर, सिनामङ्गल, गौशाला, तिलगङ्गा, माइतीघरलगायत क्षेत्रका सडक जलमग्न बनेका थिए। सडक डुबानका कारण सवारीसाधन सञ्चालन प्रभावित भए पनि प्रतिकूल मौसमका बिच ट्राफिक प्रहरी निरन्तर सडकमा परिचालित भई यातायात व्यवस्थापनमा खटिएको थियो। रासस

# वन उद्यममा जोडिँदै नवलपुरका महिला

त्रिवेणी (नवलपरासी), २० असार। वनमा खेर जाने वन पैदावारको सदुपयोग गर्दै नवलपुरका महिलाले हस्तकला उद्यममार्फत आयआर्जनसँगै स्थानीय रोजगारी सिर्जना गरिरहेका छन्। जिल्लाको देवचुली नगरपालिकास्थित नमुना महिला सामुदायिक वनमा आबद्ध महिलाले थाकल र अम्रिसोको उपयोग गरी विभिन्न हस्तकलाका सामग्री तथा कुचो उत्पादन गर्दै आत्मनिर्भर बन्ने अभियान सञ्चालन गरेका हुन्।

पहिले वनमा खेर जाने थाकल अहिले महिलाहरूको आम्दानीको मुख्य स्रोत बनेको छ। उहाँहरूले थाकलबाट झोला, टेबल म्याट, टिम्याट, टोपी, गमला, सजावटका सामग्रीलगायत विभिन्न हस्तकला उत्पादन गरिरहेका छन्। त्यस्तै अम्रिसोबाट कुचो उत्पादन गरी स्थानीय बजारदेखि काठमाडौँसम्म बिक्री गर्दै आएका छन्।

नमूना हस्तकला सामान उत्पादन महिला समूहकी अध्यक्ष कोपिला रायमाझीका अनुसार केही वर्षअघि थाकलको झोला बुन्ने तालिम लिएपछि सामान्य झोला उत्पादनबाट सुरु गरिएको उद्यम अहिले विभिन्न प्रकारका हस्तकलाका सामग्री र अम्रिसोका कुचो उत्पादनसम्म विस्तार भएको छ। हाल समूहमा करिब २० जना महिला सक्रिय रूपमा आबद्ध रहेका उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार समूहका सदस्यहरूले सामुदायिक वनबाट थाकल सङ्कलन गरी त्यसलाई प्रशोधन गरेर विभिन्न सामग्री उत्पादन गर्छन्। उत्पादनमा संलग्न सदस्यहरूलाई निश्चित पारिश्रमिक प्रदान गरिन्छ भने बाँकी बचत पुनः उद्यम विस्तारमा लगानी गर्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो।

उद्यममा आबद्ध खगिसरा लुङ्गेलीले घरधन्दा सकेपछि फुर्सदको समयमा घरमै बसेर थाकलका झोला, टोपी तथा अम्रिसोका कुचो बनाउने गरेको बताउनुभयो। उद्यमबाट हुने आम्दानीले व्यक्तिगत खर्च व्यवस्थापन गर्न तथा परिवारको आर्थिक आवश्यकतामा सहयोग पुगेको उहाँको भनाइ छ।

भर्खरै कुचो बनाउने तालिम लिनुभएकी कुमारी श्रेष्ठले अन्य महिलाहरू उद्यममार्फत आत्मनिर्भर बनेको देखेपछि आफू पनि समूहमा आबद्ध भएको बताउनुभयो। सीप हासिल गरेपछि आफ्नै मेहनतबाट आम्दानी गर्न सकिने आत्मविश्वास बढेको उहाँले सुनाउनुभयो।

समूहले उत्पादन गरेका सामग्रीहरू मुख्यतः घरबास (होमस्टे), पर्यटन क्षेत्र तथा काठमाडौँसम्म पुग्ने गरेका अध्यक्ष रायमाझीले जानकारी दिनुभयो। पछिल्लो समय बजार खोज्दै हिँड्नुपर्ने अवस्था नरहेको भन्दै विभिन्न सङ्घसंस्थाका प्रतिनिधि तथा ग्राहक स्वयम् माग गर्दै आउने गरेका उहाँले बताउनुभयो।

नमुना महिला सामुदायिक वनकी अध्यक्ष रिलकुमारी तामाङका अनुसार थाकलबाट हस्तकला सामग्री उत्पादनसँगै व्यावसायिक रूपमा अम्रिसोका कुचो उत्पादनलाई समेत विस्तार गरिएको छ। आफ्नै सामुदायिक वनमा पर्याप्त अम्रिसो नहुँदा अन्य सामुदायिक वनबाट कच्चा पदार्थ ल्याएर उत्पादन बढाइएको उहाँले जानकारी दिनुभयो।

वनकी अध्यक्ष तामाङका अनुसार हाल काठमाडौँबाट एकैपटक एक सय वटा हस्तकला सामग्रीको माग आएको छ। माग बढ्दै जाँदा समूहमा आबद्ध महिला थप उत्साहित बनेका उहाँले बताउनुभयो। उद्यमलाई व्यवस्थित बनाउन समूह दर्ता गरी संस्थागत रूपमा सञ्चालन गरिएको तामाङले जानकारी दिनुभयो। उद्यम विस्तार गर्ने उद्देश्यले केही दिनअघि मात्रै थप २० जना महिलालाई तालिम प्रदान गरिएको थियो। उक्त तालिम सञ्चालनका लागि डिभिजन वन कार्यालयले सहयोग गरेको उहाँले बताउनुभयो।

वनमा खेर जाने प्राकृतिक स्रोतको सदुपयोग गर्दै सञ्चालन गरिएको यस उद्यमले महिला सशक्तीकरण, आयआर्जन र स्थानीय रोजगारी प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याएको डिभिजन वन कार्यालय नवलपुरका सूचना अधिकारी सुवास अधिकारीले बताउनुभयो। वन पैदावारको दिगो उपयोगमार्फत वातावरण संरक्षणसँगै ग्रामीण महिलालाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन डिभिजन वन कार्यालयले यहाँका सामुदायिक वनलाई प्रोत्साहन गर्दै आएको उहाँले बताउनुभयो। रासस

# सिँचाइ अभाव हुँदा बाँकेमा १८ प्रतिशत मात्र रोपाइँ

राँझा (बाँके), २० असार। सिँचाइ अभाव हुँदा अकाशे पानीको भरमा बाँकेमा १८ प्रतिशत मात्र रोपाइँ भएको छ। जिल्लाका केही भू-भागमा सिक्टा सिँचाइ आयोजना र भूमिगत पानीको प्रयोग गरी रोपाइँ गरिए पनि अधिकांश क्षेत्रका किसान आकाशे पानीको भरमा छन्।

पर्याप्त वर्षा नहुँदा यस वर्ष किसानले अझैसम्म धान रोप्न नसकेका कृषि ज्ञान केन्द्र बाँकेकी सूचना अधिकारी वरिष्ठ कृषि प्रसार अधिकृत सुजिता शर्माले बताउनुभयो। उहाँका अनुसार जिल्लामा असारको दोस्रो सातादेखि सुरु गरिएको रोपाइँ शुक्रबारसम्म १८ प्रतिशतमात्र भएको छ। रोपाइँ भएकोमध्ये अधिकांश किसानले सिक्टा सिँचाइ र भूमिगत पानीको प्रयोग गरिरहेका छन्।

मसिनो र मध्यम जातका धानखेती गर्ने किसानलाई रोपाइँमा समस्या भए पनि मोटो धानखेती गर्नेलाई ढिलो वर्षा भए पनि समस्या नहुने सूचना अधिकारी शर्माले बताउनुभयो। उहाँका अनुसार जिल्लामा कुल खेतीयोग्य ५५ हजार ८२६ हेक्टर क्षेत्रमध्ये ३३ हजार ७८० हेक्टरमा धानखेती हुँदै आएको छ।

सिक्टा सिँचाइ आयोजनाको नहरबाट कोहलपुर नगरपालिका, बैजनाथ गाउँपालिकाका र राप्तीसोनारी गाउँपालिकाका केही वडामा सिँचाइ सुविधा पुगेकाले ती क्षेत्रमा रोपाइँ भइरहेको सूचना अधिकारी शर्माको भनाइ छ। उहाँका अनुसार सिँचाइ अभावका कारण जिल्लाका अधिकांश किसान अहिले पनि आकाशे पानीको भरमा खेती गर्न बाध्य छन्।

रोपाइँको समय भएकाले सिक्टाको पूर्वी र पश्चिमी दुवै नहरमा नियमित रूपमा पानी छोडिएको आयोजना कार्यालयका सूचना अधिकारी मनोज शाहले बताउनुभयो। उहाँका अनुसार राप्तीसोनारी गाउँपालिका-२ अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी सञ्चालन गरिएको आयोजनाले जिल्लाको ४२ हजार ७६६ हेक्टरमा सिँचाइ पुऱ्याउने लक्ष्य लिएकामा हालसम्म २४ हजार क्षेत्रका किसानले सिँचाइ सुविधा पाएका छन्। रासस

# कर्णालीमा बेपत्ता गाडी र यात्रु खोज्न सशस्त्रको विपद् शिक्षालयबाट गोताखोर परिचालन

काठमाडौँ, २० असार। दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७ साङ्गेताडास्थित कर्णाली राजमार्गमा दुर्घटना हुँदा बेपत्ता गाडी तथा यात्रुको खोजी गर्न सशस्त्र प्रहरी बल नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारबाट गोताखोर टोली खटिएको छ।

सशस्त्र प्रहरी निरीक्षक प्रेमबहादुर तामाङ नेतृत्वको चार सदस्यीय गोताखोरसहितको टोली आज घटनास्थल पुगेर बेपत्ता गाडी र यात्रुको खोजी गर्ने सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो। उहाँका अनुसार टोलीले पानीमुनि तथा भेलमा खोज्नका लागि प्रयोग हुने सोनार क्यामरा र चुम्बक (म्याग्नेट) लगायत उपकरणको सहयोग लिनेछ।

सुर्खेतबाट कालीकोटतर्फ जाँदै गरेको कर्णाली प्रदेश ०२-००१ ख १०५५ नम्बरको यात्रुवाहक गाडी यही असार १८ गते सडकबाट अन्दाजी छ-सात सय मिटर तल कर्णाली नदीमा खसेको थियो। दुर्घटनालगत्तै सशस्त्र प्रहरी गुल्म दैलेख, माथिल्लो कर्णाली जलविद्युत् आयोजना सुरक्षा बेस तथा सशस्त्र प्रहरी बल, नेपाल नं ६ महेश्वरी बाहिनी मुख्यालय सुर्खेतबाट छ जना गोताखोरसहितको टोली उद्धारमा खटिएको थियो।

सोही दिन दुर्घटनास्थलबाट करिब ४०० मिटर तल भिरमा अड्किएको अवस्थामा एक पुरुषको शव निकालिएको थियो। गाडी र अन्य यात्रुको अवस्था अहिलेसम्म अज्ञात छ। रासस

।सम्पादकीय।

## स्वावियुको नाउँ फेर्दैमा विद्यार्थी राजनीतिबाट अलग्ग नहुने

स्वतन्त्र विद्यार्थी युनियनको नाउँमा कुनै दलको विद्यार्थी सङ्गठनले आफ्नो दल र विद्यार्थी सङ्गठनको स्वार्थ पूरा गरिरहेको छ या कुनै अनियमितता गरिरहेको छ भने त्यो रोक्नुपर्छ; रोक्न सरकारले पहल गर्नुपर्छ। कुनै सङ्गठनले दलगत र व्यक्तिगत स्वार्थ पूरा गरिरहेको छ भनेर स्ववियु नै खारेज गर्ने कुरा मनासिब हुँदैन। विश्वविद्यालय अनुदान आयोग र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको पत्रअनुसार त्रिभुवन विश्वविद्यालयको आफ्ना आङ्गिक क्याम्पसहरूलाई विद्यार्थी सङ्गठनका सबै संरचना हटाउन निर्देशन दिएपछि विद्यार्थी सङ्गठनहरू आन्दोलित भएका हुन्; सरकारी कदमको विरोध गरेका हुन्। सरकारको सो कदम अप्रजातान्त्रिक, संविधानको मूल्य र मान्यताविपरीत भएको भन्दै विद्यार्थीहरू आन्दोलनमा उत्रेका छन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप रोक्न, विद्यार्थीको वास्तविक आवाज समेट्न र शैक्षिक गुणस्तरको गिरावट समाधान गर्न भनी ६० दिनभित्र विश्वविद्यालय र क्याम्पस हाताबाट दलीय विद्यार्थी सङ्गठनको संरचना हटाउन पत्राचार गरिसकेको छ। त्यस्तै त्रिविले ९० दिनभित्र स्टुडेन्ट काउन्सिल वा भ्वाइस अफ स्टुडेन्ट संयन्त्र विकास गर्न पनि निर्देशन दिइसकेको छ। त्यही निर्देशनको विरोधमा विद्यार्थीहरू सो कदमको विरोधमा उत्रेका छन्।

स्ववियुको नाउँ फेरेर अरू कुनै सङ्घ संस्था गठन भए पनि विद्यार्थी सङ्गठनबाट अलग्ग हुँदैन। स्टुडेन्ट काउन्सिल या भ्वाइस अफ स्टुडेन्ट खोले पनि आखिर त्यो विद्यार्थीहरूको सङ्गठन नै हो। देशमा दलको बन्दोबस्त भएसम्म विद्यार्थी सङ्गठन हुन्छ। नाउँ जे राखे पनि विद्यार्थी सङ्गठनबाट अलग हुँदैन। दलीय बन्दोबस्तमा विद्यार्थीले राजनीति गर्छन्। विद्यार्थी राजनीतिबाट विद्यार्थीहरू अलग हुँदैनन्। स्थानीय तहमा गैरदलीय उम्मेदवार बनाउने स्वविवु हटाउने प्रसङ्ग दलीय मान्यताविपरीतका कदम हुन्।

विद्यार्थी सङ्गठनले विद्यार्थी हकहितको निम्ति लड्न पाउँछ, लड्छ। देश र जनताको पक्षमा विद्यार्थी सङ्गठनले आन्दोलन र सङ्घर्ष गर्न पाउँछ। विदेशी हस्तक्षेप भयो, सरकारले देशविरोधी निर्णय गऱ्यो भने विद्यार्थी सङ्गठनहरू कानमा तेल हालेर बस्दैनन्। सरकारले जस्तो गलत निर्णय गरे पनि, देशघाती काम गरे पनि विद्यार्थीले राजनीति गर्नु हुँदैन भनेर मौन रहनु पनि राजनीति नै मानिन्छ। कुनै पनि स्ववियुले गलत काम गर्नु हुँदैन; गलत काम गरेको छ भने त्यसलाई सरकारले रोक्नुपर्छ। सरकारको पछिल्लो निर्णय र कदमले सत्तासीन दलका नेता र मन्त्रीहरू निरङ्कुशतातर्फ लागिरहेको अनुभव राजनीतिक विश्लेषकहरूले गरेका छन्। निजी पत्रिकामा सरकारी विज्ञापन छाप्न निषेध गर्ने पत्रकारिता स्वतन्त्र हुनुपर्छ भन्ने सरकारी अवधारणाले सत्तारुढ दलका नेता र मन्त्रीहरू कतै निरङ्कुश बाटोमा गइरहेका त छैनन् भन्ने अडकल गर्न थालेको छ।

कुनै दलले बहुमत प्राप्त गर्नुको अर्थ निरङ्कुशता लाद्न होइन। सरकारको काम देश र जनताको सेवा गर्नु हो; कसैले सङ्घ संस्था र पदको दुरुपयोग गरी अनियमितता गरिरहेको छ भने त्यो रोक्ने हो या दोषीमाथि कारबाही गर्ने हो। सरकारी उद्योग या सङ्घ संस्थाहरू एकपछि अर्को निजीकरण गर्ने; विदेशी कम्पनी या सङ्घ संस्थाको जिम्मा दिने काम सरकार आफ्नो जिम्मेवारीबाट पन्छिनु हो। उद्योग तथा कलकारखाना घाटा भयो या डुब्यो भनेर बन्द गर्ने होइन; निजीकरण गर्ने होइन। बरु, घाटा हुनुको कारण खोजी त्यसलाई फेरि सञ्चालन गर्ने हो। सरकारको नेतृत्व या सरकार सञ्चालन गर्नु भनेको सत्ताको कुर्सीमा बस्नु मात्र होइन; देश र जनताको पक्षमा नियम, नीति बनाएर देशलाई समृद्ध र जनतालाई सुखी बनाउनु हो। समृद्ध नेपाल, सुखी नेपाली कुनै नेताले फुकेर हुने होइन। त्यसको निम्ति सरकारले नीति नियम बनाउनुपर्छ। समृद्ध नेपाल, सुखी नेपाली नै समाजवादको अवधारणा हो भनेर नारा मात्र बनाएर त्यो इच्छा पूरा हुनेछैन।

# गैरदलीय स्थानीय तह पञ्चायतको पुनरावृत्ति त होइन ?

✍ विवेक

राष्ट्रिय स्वतन्त्र पार्टीको चितवनमा सम्पन्न पहिलो महाधिवेशनमा प्रदेश सभा खारेजी र स्थानीय तहमा गैरराजनीतिक निर्वाचन गर्ने प्रतिवेदन पारित गऱ्यो। नेपालको राजनीतिमा यस विषयमा चर्चा र बहस सुरु भएको छ। संसद्मा फण्डै दुईतिहाइ सांसद रहेको पार्टीको महाधिवेशनले नै पारित गरेको विषयलाई सामान्य रूपमा लिन मिल्दैन। संविधान संशोधनविना ती विषयहरूको सम्बोधन हुन सक्दैन। के रास्वपाले चाहेअनुसार संविधान संशोधन सम्भव छ ?

अहिले २७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाको १८२ जना सांसद छन्। प्रतिनिधिसभाको दुईतिहाइ पुग्न रास्वपालाई थप दुईजना सांसदको आवश्यकता छ। स्वतन्त्र जितेको महावीर पुन विज्ञान तथा प्रविधिमन्त्री र श्रम शक्ति पार्टीका तर्फबाट जितेकी उपसभामुख रुबिकुमारी ठाकुरसमेतको हिसाब गर्ने हो भने प्रतिनिधिसभामा रास्वपाको दुईतिहाइ पुग्छ। तर, संविधान संशोधनको लागि त्यति सङ्ख्या मात्र पर्याप्त छैन। नेपालको संविधानको धारा २७४मा संसद्को कुनै सदनमा संविधान संशोधन विधेयक पेस गर्नुपर्ने, त्यो विधेयक सहमतिका लागि प्रदेशसभामा पठाउनुपर्ने र प्रदेशसभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्यहरूमध्ये स्वीकृत वा अस्वीकृत गरी पठाउनुपर्ने व्यवस्था छ। बहुमत प्रदेशहरूले अस्वीकृत गरेमा विधेयक निष्क्रिय हुने, बहुमतले स्वीकृत गरेको खण्डमा सङ्घीय संसद्को दुवै सदनमा तत्काल कायम रहेको सम्पूर्ण सदस्य सङ्ख्याको दुईतिहाइ बहुमतबाट पारित गर्नुपर्ने व्यवस्था गरिएको छ।

संवैधानिक व्यवस्थाअनुसार हालको अवस्थामा संविधान संशोधन चर्चाको विषय बने पनि संशोधन भइहाल्ने अवस्था देखिँदैन। संसदीय गणितमा रास्वपा १८२, नेका ३८, एमालेको २५, नेपाली कम्युनिस्ट पार्टीको १७, श्रमशक्ति पार्टीको ७ र राप्रपाको ५ छन्। महावीर पुन स्वतन्त्रबाट जितेका छन्। सङ्घीय सदनमा दुईतिहाइ पुऱ्याउन प्रतिनिधिसभामा १८४ र राष्ट्रियसभामा ४० गरी कुल २२३ सदस्य सङ्ख्या आवश्यक पर्छ। अहिले राष्ट्रियसभामा स्वतन्त्र पार्टीको कुनै सदस्य छैन। तत्काल कुनै पार्टीसित गठबन्धन गरी हाल्ने सम्भावना पनि न्यून छ।

रास्वपा र नेकपाको सम्बन्ध नजिक देखिए पनि प्रदेश खारेजी र स्थानीय तहको गैरदलीय निर्वाचनमा नेकपा सहमत हुन सक्ने देखिँदैन। प्रदेशहरूको खारेजी भनेकै सङ्घीयता खारेजी हो। सङ्घीयता आफैले ल्याएको दाबी गर्दै जातीय राज्य घोषणा गर्दै हिँडेका माओवादीहरूले अहिलेकै अवस्थामा त्यो सहज रूपमा स्वीकार्लान् भन्न सक्ने अवस्था छैन। मधेसकेन्द्रित दलहरूले त झनै सङ्घीयता मधेश आन्दोलनको उपज भनिरहेका छन्। उनीहरू सङ्घीयता खारेज गरेमा तराईमा आगो बल्ने बताउँदै छन्। नेका र एमालेले पनि स्वीकार्ने सम्भावना छैन। प्रदेशहरूमा रास्वपाका सांसदहरू नभएकाले प्रत्येक प्रदेशसभाबाट बहुमतले पारित गर्नुपर्ने र त्यस्तो प्रदेशको सङ्ख्या बहुमत हुनुपर्ने अर्थात् सातमध्ये चार वटा प्रदेशले प्रस्ताव पारित गर्नुपर्ने प्रावधानले अन्य दलहरूसँग समन्वय र सहकार्यबिना रास्वपाले मात्र चाहेर संविधान संशोधन नहुने प्रस्ट छ।

निर्वाचनको बेला वर्तमान प्रधानमन्त्रीले अधिकार माग्न काठमाडौं जान नपर्ने गरी प्रदेशलाई अधिकार सम्पन्न बनाउने बताएका थिए। त्यसको आधारमा तराईका अधिकांश मत पनि रास्वपाले पायो। दशकौँदेखि स्थापित मधेसी दलहरूलाई शून्य बनाई सबैजसो सांसदहरू रास्वपाले जित्यो पनि। अहिले प्रदेश खारेजीको विषय परस्परविपरीत देखिन्छ। यो एक प्रकारको जनताप्रति धोका र विश्वासघात हो। यस्ता गैरजिम्मेवार अभिव्यक्ति र कार्यशैलीले रास्वपाप्रतिको जनविश्वास घट्ने निश्चित छ।

रास्वपा सरकार गठनपछि संविधान संशोधनबारे छलफल गर्न एउटा समिति गठन गरिसकेको छ। समितिले विभिन्न पक्षसँग छलफल अगाडि बढाएका समाचारहरू पनि आइरहेका छन्। रास्वपाले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्र प्रमुखमा जोड दिएको छ। प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्र प्रमुख नेपाली कम्युनिस्ट पार्टीको पनि एजेन्डा हो। तर, त्यत्तिकै आधारमा संविधान संशोधनमा नेकपाले पनि समर्थन गरिहाल्छ भन्ने देखिँदैन।

**के स्थानीय तहमा गैरदलीय निर्वाचन सम्भव छ ?**

पञ्चायती निरङ्कुश शासन कालमा स्थानीय पञ्चायतका प्रतिनिधिहरूको निर्वाचन गैरदलीय हुने गर्थ्यो। त्यतिबेला राजनीतिक दलहरू प्रतिबन्धित थिए। दलको नाउँबाट कुनै प्रचारप्रसार गर्ने या गतिविधि गर्ने अधिकार थिएन। सबै काम पञ्चायतकै नाउँबाट हुने गरिन्थ्यो। त्यतिबेला निर्दलीय भनिए पनि वास्तवमा पञ्चहरूको एकदलीय व्यवस्था थियो। पञ्चायतका सदस्यहरूले मात्र भाग लिन पाउने त्यो जनविरोधी व्यवस्थाको विरोधमा जनताले सङ्घर्ष गरे र २०४६ सालमा बहुदलीय प्रजातन्त्र स्थापना गरे। त्यस उपलब्धिको लागि धेरैले रगत बगाए, कति अपाङ्ग भए, कतिले भूमिगत, प्रवास जीवन र जेलनेलको कठोर सजाय भोगे। स्थानीय तहका प्रतिनिधिहरूको निर्वाचन गैरदलीय गर्ने विषयले कतै नेपालमा पञ्चायतकै पुनरावृत्ति हुन खोजिरहेको त छैन ? धेरैले आशङ्का गर्न थालेका छन्। सङ्घ र प्रदेश राजनीतिक विचारधाराको आधारमा चल्ने तर स्थानीय तहमात्र गैरराजनीतिक हिसाबले चल्नु राजनीतिक र व्यावहारिक दुवै दृष्टिले मिल्ने देखिँदैन।

स्थानीय तहमा राम्रो उम्मेदवार जितोस् भन्ने उद्देश्यले आएको भए पनि त्यसबाट राम्रो परिणामको आशा गर्न सकिँदैन। पालिकाका प्रमुख र उपप्रमुख बहुमतको निर्णयबिना चल्न सक्दैनन्। निर्णयहरू सहज रूपमा स्वीकृत भएन भने प्रमुख, उपप्रमुखहरूले चाहेर पनि विकास निर्माणको कामलाई तीव्रता दिन सक्दैनन्। राजनीतिक दलहरूको तर्फबाट विचार र दृष्टिकोणसहितका उम्मेदवारहरू निर्वाचित हुने भएकाले बहुमत कायम गर्न सहज हुन्छ। निर्वाचनकै बेला दलले घोषणापत्र जारी गर्ने र जनताले पनि घोषणापत्रअनुसार मत दिने हुँदा निर्वाचनपछि प्रतिनिधिहरू वचनअनुसार काम गर्न बाध्य हुन्छन्।

अहिले स्थानीय तहको आलोचना हुनुको मुख्य कारण स्थानीय तहमा पनि केन्द्र र प्रदेश सरकार परिवर्तनसँगै त्यसको प्रभाव पर्नु हो। स्थानीय तह जनताको नजिकको सरकार भएकोले सङ्घ र प्रदेश सरकारको प्रभावबाट मुक्त स्थानीय तह बनाउनु जरुरी छ।


स्थानीय तहको निर्वाचन गैरदलीय आधारमा गर्ने भन्दाभन्दा जुनसुकै पार्टीको उम्मेदवार जिते पनि इमानदार, जनताप्रति उत्तरदायी र असल चरित्र भएको व्यक्ति जितेर आउने कल्पना गरेको भए त्यो नराम्रो होइन। अहिले दलीय व्यवस्थामा इमानदारहरू जिताउन केले छेक्यो ? जहाँ इमानदार मान्छेहरूलाई जनताले जिताए, त्यहाँ राम्रो काम भएको छ। भक्तपुर नगरपालिका यसको ज्वलन्त उदाहरण हो।

भक्तपुर नगरपालिका लामो समयदेखि नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरू बहुमत जितेर काम गरिरहेको ठाउँ हो। पार्टी घोषणापत्रअनुसार काम गर्ने सिलसिलामा अहिले ख्वप कलेज, ख्वप इ. कलेज, ख्वप कलेज अफ इ., ख्वप कलेज अफ लसमेत गरी सातवटा शैक्षिक संस्थाहरूले देशभरका हजारौं विद्यार्थीलाई कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरिरहेको छ भने ख्वप अस्पताल र वडा वडामा स्वास्थ्य केन्द्रहरू सञ्चालन गरेर सस्तो, सुलभ र गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्रदान गरिरहेको छ। अझ सस्तोमा चिकित्सक तयार गर्न मेडिकल कलेज सञ्चालन गर्ने प्रयास गरिरहेको छ। नेमकिपाको घोषणापत्रमा भएकै कारण जनप्रतिनिधिहरू निरन्तर त्यसरी आफ्नो उद्देश्य पूरा गर्न लागिरहेका हुन्। के गैरराजनीतिक निर्वाचन भएको भए त्यो सम्भव हुन्थ्यो ?

मधेसी दलहरू पनि स्थानीय तह गैरदलीय बनाउनुपर्छ भन्ने पक्षमा छन्। उनीहरू स्थानीय तह, प्रदेशअन्तर्गतका प्रशासनिक एकाइ हुनुपर्नेमा जोड दिन्छन्। त्यसको अर्थ सिंहदरबारको अधिकार प्रदेशसम्म मात्र पुऱ्याउने भन्ने हो। स्थानीय तह जति बलियो वा अधिकार सम्पन्न हुन्छ, त्यति नै जनताले छिटो छरितो सेवा, सुविधा पाउने गर्छन्। अहिले संविधानले तोकेअनुसार स्थानीय तहलाई झन्झन् जिम्मेवार बनाउँदै लानु उचित हुनेछ।

प्रत्यक्ष निर्वाचित कार्यकारी भएमा एकजना प्रधानमन्त्री सन्की मान्छे जित्यो भने उसले देशलाई जे पनि गर्न सक्छ। अमेरिका हाम्रोसामु उदाहरण छ। ट्रम्पले जे बोल्छ त्यहाँ त्यही हुन्छ। उनले अरूलाई न मान्छे गन्छन् न कुनै देशको सार्वभौमिकता र स्वतन्त्र अस्तित्व स्वीकार्छन्, जे मनलाग्यो त्यो गर्दै छन्। हरियो बालीमा साँढे पसेझैं आफूभन्दा सानो र कमजोर देशमाथि आक्रमण र थिचोमिचो गर्दै छन्। प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखले देश निरङ्कुशतातर्फ पनि जान सक्छ। यसबारे नेपाली जनता सचेत हुनु जरुरी छ।

हो, नेपालमा पनि त्यस्ता व्यक्ति कार्यकारी प्रमुखमा निर्वाचित भएमा देश सिक्किमझैं भारतमा मिलाउने निर्णय पनि गर्न सक्छन्, युक्रेनको राष्ट्रपतिले झैं देश युद्धको आगोमा झोस्न पनि सक्छन् र देशलाई खरानी पार्न सक्छन्। प्रधानमन्त्री बालेन्द्र साहले नेपालले भारतको धेरै ठाउँमा सीमा मिचेको छ भनेर प्रतिनिधिसभामा बोलेर भारतलाई नेपालको सार्वभौमिकतामा हस्तक्षेप गर्न खुला आमन्त्रण गरेका छन्। यसर्थ प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखसम्बन्धी गम्भीरतापूर्वक छलफल चलाइनुपर्छ। रास्वपाको यो विचार देशमा भाँडभैलो मच्चाउन विदेशी शक्ति भित्र्याउने नयाँ चाल पनि हुन सक्छ।



# उपभोक्ता शक्तिको भ्रम : खाद्यान्नलाई बजारीकरणबाट मुक्त गर्ने बेला किन भयो ?

✍ गुन्नार रुन्डग्रेन

बजारमा उपभोक्ताकै हैकम चल्छ भन्ने भ्रम पुँजीवादी विचारधाराको एउटा अत्यावश्यक हिस्सा हो। यसले बजारलाई एउटा यस्तो लोकतान्त्रिक संस्थाको रूपमा चित्रण गर्छ, जसलाई मानिसहरूले आफ्नो वालेट (खल्ती) मार्फत मतदान गरेर नियन्त्रण गर्न सक्छन्। यदि बजारहरू लोकतान्त्रिक छन् भने, बजारलाई नै सकेसम्म धेरै कुराको जिम्मा लिन दिनु सबैभन्दा उत्तम हुन्छ - कथा यस्तै छ। केही मानिसहरूको वालेटमा अरूको भन्दा धेरै डलर हुन्छन् भन्ने तथ्यलाई बेवास्ता गर्ने हो भने पनि, यसले बजारले कसरी काम गर्छ भन्ने कुराको पूर्ण रूपमा विकृत चित्र प्रस्तुत गर्दछ। स्टिभ जब्सले भनेका थिए, "मानिसहरूलाई आफू के चाहन्छन् भन्ने कुरा तबसम्म थाहा हुँदैन, जबसम्म तपाईंले उनीहरूलाई त्यो देखाइदिनुहुन्न" र उनले आइफोनमार्फत यो प्रमाणित गरे। यो कुरा समय र स्थानको अझ ठुलो स्तरमा पनि उत्तिकै सत्य छ। अनि खाद्यान्नको मामलामा त यो विशेष रूपमा लागू हुन्छ।

मानव जातिको लगभग सम्पूर्ण इतिहासमा, मानिसहरूले त्यही कुरा खाए जुन उनीहरू आफैंले वा उनीहरूको वरपरका अन्य मानिसहरूले खोजेर, शिकार गरेर वा माछा मारेर जम्मा गर्न सक्थे। 'उपभोक्ताको माग' ले उत्पादनलाई निर्देशित गर्छ भन्ने विचार हाम्रा पुर्खाहरूका लागि बुझ्नै नसकिने हुन्थ्यो। त्यतिबेला 'उपभोक्ता' भन्ने कुनै वर्ग नै अस्तित्वमा थिएन मात्र होइन, त्यहाँ कुनै स्पष्ट माग वा त्यस्तो माग व्यक्त गर्न सकिने बजार थिएन। म निश्चित छु कि मानिसहरूमा खानाका आफ्नै रोजाइहरू हुन्थे होलान् र कुनै दिन उनीहरूको समूहले पाकेको अन्जिर वा स्याउ खाएर रमाइलो गर्ने निर्णय गर्थ्यो होला भने अर्को दिन उनीहरू सफल शिकारबाट प्राप्त मृगको मासु लुछेर खान्थे होलान्। तर, मानिसहरूले आफ्नो पर्यावरणीय क्षेत्रमा, उचित प्रयासबाट जे उपलब्ध हुन्थ्यो, त्यही खान्थे। तत्कालीन समयमा जस्तै आज पनि, अधिकांश मानिसहरू आफ्नो समूहका अरू सदस्यहरूले जे खान्छन्, त्यही खान्छन्।

कृषिको आगमनसँगै यसमा खासै ठुलो परिवर्तन आएन। कृषिप्रधान समाजमा खानाको दायरा झन् सीमित थियो (यद्यपि यो रूपान्तरण धेरैजसो मानिसहरूले विश्वास गरेभन्दा बढी अल्पकालिक र क्रमिक थियो), र उपभोक्ता मागको अवधारणा त झन् शिकारी र खानेकुरा खोज्ने संस्कृतिमा भन्दा पनि बढी अवास्तविक हुन्थ्यो। अधिकांश अन्नबाली फलाउनेहरू आफैंले उपभोग गर्थे, बाँकी रहेको हिस्सा आफन्त र समुदायसँग बाँडिन्थ्यो, देवीदेवताहरूलाई चढाइन्थ्यो वा विभिन्न शासकहरूद्वारा कब्जा गरिन्थ्यो। बजारजस्तो देखिने ठाउँमा त एकदमै सानो अंश मात्र बिक्री गरिन्थ्यो। जे जति कुराहरू उपलब्ध हुन्थे, ती पनि उपभोक्ताको मागका कारण नभई उत्पादनका लागि आवश्यक भौतिक र जैविक अवस्थाहरूका परिणाम हुन्थे।

**हाम्रा पुर्खाहरूले तय गरे कि हामी के खान्छौं**

सबैभन्दा आधारभूत कुराबाट सुरु गर्दा, हाम्रा पुर्खाहरूले निकै कम सङ्ख्यामा बालीनाली र पशुपक्षीहरूलाई घरपालुवा बनाए। हुन सक्छ, कहिलेकाहीँ उनीहरू कुनै खास स्वाद वा पोषणयुक्त तत्त्वको चाहनाबाट प्रेरित थिए होलान्, तर मुख्य रूपमा कुन कुरालाई घरपालुवा वा खेतीयोग्य बनाउने र कुनलाई नबनाउने भन्ने कुरा त्यहाँको वातावरणीय अवस्था र ती वनस्पति वा जनावरहरूको आफ्नै विशेषताद्वारा निर्धारित हुन्थ्यो। बाइसन भन्दा गाईको मासु बढी स्वादिलो हुने भएकोले गाईलाई घरपालुवा बनाइएको पक्कै होइन, बरु बाइसनलाई तह लगाउन गाह्रो भएर हो। त्यसैगरी, बुलरसको सट्टा कुरिलो वा डन्डेलायन (एक प्रकारको जङ्गली पहेंलो फूल) को सट्टा काउली/बन्दा (लेटुस) लाई खेती गरिनुको पछाडि पनि यही कारण थियो।

एकपटक केही वनस्पति र बालीहरूलाई खेतीयोग्य बनाइसकेपछि र तिनको उत्पादन सजिलो तथा राम्रो हुन थालेपछि, हामीले आफ्नो स्वाद र उत्पादन प्रणाली दुवैलाई तिनै बाली अनुकूल बनाउन थाल्यौं। यसले गर्दा खेती गरिएका बाली तथा पालिएका चौपाया र जङ्गली जीवहरूबिच सांस्कृतिक र भौतिक दुवै रूपमा एउटा ठुलो खाडल सिर्जना गरिदियो। यो निकै उल्लेखनीय कुरा हो कि, धेरैजसो ठाउँमा जहाँ कृषि बाहिरबाट 'आयातीत' प्रणालीको रूपमा भित्रियो वा आक्रमणकारी संस्कृतिहरूद्वारा फैलाइयो, त्यहाँका स्थानीय वनस्पतिहरूलाई सायदै खेतीयोग्य बनाइयो; बरु बाहिरबाट भित्र्याइएका बाली र चौपायाहरूलाई नै नयाँ वातावरण अनुसार अनुकूलित गरियो। म बस्ने र खेतीपाती गर्ने देश स्वीडेनमा, हामीले उब्जाउने लगभग कुनै पनि बालीको जङ्गली पुर्खा यहींको होइन। यहाँ केही जङ्गली प्रजातिहरू उपलब्ध हुँदाहुँदै पनि (जस्तै कालो अङ्गुर (ब्ल्याक करेन्ट) र गाजर यहाँ जङ्गली रूपमा उम्रिन्छन्), हामीले हाम्रा रैथाने जङ्गली प्रजातिहरूलाई सुधारेर खेती गरेनौं, बरु बाहिरबाट जे भित्र्याइयो त्यसैलाई अपनायौं।

हजारौं वर्षदेखि विरलै मात्र नयाँ प्रजातिहरूलाई खेतीयोग्य बनाइनु आश्चर्यजनक छ।

वास्तवमा, हजारौं वर्षदेखि प्रमुख बालीनालीहरूका रूपमा नयाँ प्रजातिहरूलाई सफलताका साथ खेतीयोग्य वा घरपालुवा बनाउने काम निकै कम हुनु आश्चर्यजनक छ। १८ औं शताब्दीमा जर्मनहरूले सुगर बीटको विकास गरे, किनभने उनीहरूसँग उखु खेती गर्नका लागि औपनिवेशिक भूमि थिएन; त्यो पनि पहिले नै खेती गर्न थालिएको चुकन्दर (बीटरूट) को परिष्कृत रूप मात्र थियो। पछिल्लो समयमा माछाका केही प्रजातिहरूलाई व्यावसायिक रूपमा पाल्न थालिएको छ (यद्यपि माछा पालन लामो समयदेखि व्यापक रूपमा हुँदै आएको थियो) तैपनि, आज विश्वभर उपभोग गरिने खाद्यपदार्थहरूको अत्यधिक हिस्सा हजार वर्षभन्दा पहिले नै खेतीयोग्य वा घरपालुवा बनाइएका प्रजातिहरू हुन्।

त्यसैले, कुन खानेकुरा उपलब्ध हुने र कुन नहुने भन्ने कुरा कुनै उपभोक्ताको मागले निर्धारण गरेको होइन। बरु, निश्चित खानेकुराहरूको उपलब्धताले नै हामीलाई ती चीजहरू मन पराउने बनाउँछ र फलस्वरूप हामी त्यसैको उपभोग गर्छौं।

विश्वका विभिन्न भागका मानिसहरूको खानामा फरक-फरक प्राथमिकता हुनुको स्पष्ट कारण पनि यही नै हो। एसियामा पाकेको भात खानु वा युरोपमा पाउरोटी (ब्रेड) खानुको पछाडि उपभोक्ताको माग कारण होइन।




**विकल्पका सूत्रधारहरू**

जब हामी सुपरमार्केटको सेल्फ अगाडि उभिन्छौं वा टेबलमा बसेर रेस्टुरेन्टको मेनु पढिरहेका हुन्छौं, त्यहाँ थुप्रै विकल्पहरू देखिन्छन्। एउटा ठुलो सुपरमार्केटमा झण्डै ५०,००० सम्म खाद्यसामग्रीहरू हुन सक्छन्। तथापि, यी खाद्यसामग्रीहरूको एउटा निकै ठुलो हिस्सा केवल पाँचवटा मुख्य चीजहरू - गहुँ, मकै, पाल्म आयल, चिनी र भटमासबाट बनेका हुन्छन्। अनि ती सामग्रीहरू मुट्ठीभरका ठूला कम्पनीहरूद्वारा उत्पादन गरिन्छन्, जसले केही सीमित प्रमुख स्थानहरूबाट मात्र यी कच्चा पदार्थहरू आयात गर्छन्। किसानहरूले पनि उद्योगले निर्देश गरेअनुसारका वा उद्योगले नै उपलब्ध गराएका बाली र तिनका प्रजातिहरू मात्र फलाउँछन्। कच्चा पदार्थदेखि उपभोक्तासम्म आइपुग्दा यसका अनेकौं चरणहरू हुन्छन्, र ती सबै तहका सरोकारवालाहरूले के उत्पादन गर्ने, के नगर्ने, वा बिक्रीका लागि के उपलब्ध गराउने भन्ने निर्णय गर्छन्। शपिङ कार्ट र यातायात प्रणालीजस्ता सामान्य लाग्ने वस्तु तथा अवस्थाहरू र भान्साको उपलब्धता एवं त्यसको प्राविधिक पूर्वाधारले समेत उपभोगको ढाँचा निर्धारण गर्छन्।

सरकारी नियमहरूले पनि विभिन्न प्रकारका उत्पादन र उत्पादन प्रणालीहरूलाई कडा रूपमा प्रतिबन्धित वा प्रोत्साहित गरेर ठुलो प्रभाव पारिरहेका हुन्छन्। कतिपय देशमा, यदि तपाईं काँचो (नउमालेको) दूध उपभोग गर्न चाहनुहुन्छ भने तपाईं आफैँसँग गाई हुनुपर्छ। स्पष्ट रूपमा भन्नुपर्दा, सरकार, कृषि सामग्री प्रदायक (मल, बीउ आदि बेच्नेहरू), खाद्य उद्योग र खुद्रा व्यापारीहरू नै खाद्य प्रणालीका वास्तविक निर्माता अर्थात् 'विकल्पका सूत्रधारहरू' हुन् र उनीहरूका निर्णयहरूले नै उपभोक्ताले के किन्न पाउने र के किन्न नपाउने भन्ने कुरा तय गर्छन्। आलु चिप्स राख्नका लागि छुट्याइएको ठाउँ ताजा आलुको तुलनामा दस गुणा बढी हुनु कुनै संयोग मात्र होइन। हामीले तरकारी बिक्री गर्ने उप्सलाको रेको-रिङमा यस्ता धेरै उत्पादनहरू पाइन्छन् जुन पसलहरूमा कहिल्यै उपलब्ध हुँदैनन् र त्यहाँ सुपरमार्केटमा पाइने ३ वा ४ प्रजातिका सट्टा २५ प्रजातिका आलुहरू उपलब्ध छन्।

सरकार, कृषि सामग्री प्रदायक, खाद्य उद्योग र खुद्रा व्यापारीहरूले नै उपभोक्ताले के किन्न पाउने र के किन्न नपाउने भन्ने निर्णय गर्छन्।

मानिसहरूले ठुलो परिमाणमा कुखुराको मासु खान्छन् तर भँगेरा वा स्टार्लिङजस्ता चराहरू सायदै खान्छन्। यो उपभोक्ताको रोजाइको परिणाम होइन, बरु हजारौं वर्षपहिले नै कुखुरालाई घरपालुवा बनाइएको तथ्यको उपज हो। तर त्यसो हुँदाहुँदै पनि, लामो समयसम्म कुखुराको मासु एउटा विलासिताको परिकार थियो र यसको उपभोग धेरै हुँदैनथ्यो (अमेरिकामा यसलाई 'आइतबारे कुखुरा' (Sunday chicken) भनिन्थ्यो, जसबाट तपाईं यसको दुर्लभताको अन्दाज लगाउन सक्नुहुन्छ)। सन् १९३० को दशकदेखि कुखुरा उत्पादनका औद्योगिक प्रक्रियाहरू विकास गरिए। यसका साथै, खाद्य उद्योग र रेस्टुरेन्टहरूले पनि कुखुराको मासु मन पराउँछन् किनभने यो जहिले पनि कमलो हुन्छ, यसलाई पकाउन/प्रशोधन गर्न सजिलो हुन्छ र यसको आफ्नै कुनै कडा स्वाद हुँदैन, जसले गर्दा तपाईं यसलाई जस्तो चाह्यो त्यस्तै स्वाद दिन सक्नुहुन्छ। यी सबै कुराहरू मिलेर कुखुराको मासुलाई विलासिताबाट दैनिक उपभोग्य वस्तुमा परिणत गरिदिएका छन्, र गो मांस (बिफ) वा सुँगुरको मासुको तुलनामा कुखुराको मूल्य नाटकीय रूपमा घटेको छ। पक्कै पनि, कसैले भन्न सक्ला कि अहिले उपभोक्ताहरू आफैं कुखुराको मासुको 'माग' गर्छन्, तर त्यो त वास्तवमा वास्तविकतालाई तोडमरोड गर्नु मात्र हो।

अर्थशास्त्रमा समेत एउटा यस्तो 'नियम' छ, जसलाई 'से को नियम' (SayÚs law) भनिन्छ। यसले भन्छ - "आपूर्तिले आफ्नो माग आफैं सिर्जना गर्छ।" 'उपभोक्ता शक्ति' को यो अवधारणा विश्वका ती बहुसङ्ख्यक जनसङ्ख्याको अपमान पनि हो, जोसँग अत्यन्तै सीमित आर्थिक स्रोतहरू छन् र जसका विकल्पहरू असाध्यै सङ्कुचित छन्।

**सचेत उपभोक्ता**

विशेष गरी वातावरणीय क्षेत्रमा, उत्पादन प्रक्रियामा सुधार ल्याउनका लागि उपभोक्ताको मागलाई एउटा औजारको रूपमा प्रयोग गर्न सकिन्छ भन्ने कुरामा ठुलो विश्वास राखिन्छ। तथापि, यदि हामी उपभोगको ढाँचा परिवर्तन गर्न चाहन्छौं भने, हामीले उपभोगलाई मुख्य रूपमा व्यक्तिगत उपभोक्ताहरूको कार्यको रूपमा मात्र हेर्नु हुँदैन। इनग्रिड स्टिग्वेलियसले आफ्नो शोधग्रन्थ प्रोड्युसिङ कन्जुमर्समा व्यक्त गरेझैं, उपभोग भनेको "एउटा सामूहिक उपलब्धि हो, जसमा उपभोक्ताहरू आफैं कुनै खास कार्य गर्ने र उपभोग गर्ने क्षमताद्वारा निर्मित हुन्छन् र उनीहरू स्वयं पनि त्यस क्षमताको निर्माण प्रक्रियाका हिस्सा हुन्छन्।" मैले माथि औंल्याएझैं, हाम्रो खानाका बारेमा गरिने अधिकांश निर्णयहरू बजारमा कुनै 'उत्पादन' आइपुग्नुभन्दा धेरै पहिले नै लिइसकिएका हुन्छन्।

मानिसहरू एक्लाएक्लै रहेका व्यक्ति होइनन् बरु उनीहरू सामाजिक र सांस्कृतिक प्राणी हुन् र हाम्रा मूल्य मान्यता, प्राथमिकता तथा कार्यहरू सामूहिक मापदण्डहरूमा धेरै हदसम्म आधारित हुन्छन्। मानिसहरू तिनै खानेकुरा मन पराउँछन् जुन उनीहरूको आफ्नै संस्कृतिसँग प्रतीकात्मक रूपमा जोडिएका हुन्छन्। मूलधारको संस्कृतिभन्दा पूर्ण रूपमा फरक विकल्पहरू रोज्ने मानिसहरू जस्तै: शाकाहार/वेगानिजमको उदय वा जलवायु-अनुकूल वा आर्ग्यानिक खानेकुराहरू खानेतर्फको परिवर्तनको मामलामा पनि यही कुरा लागू हुन्छ।

बजार र उत्पादनका विधिहरू उपभोक्ताद्वारा निर्देशित हुँदैनन् भन्ने कुरा स्पष्ट छ। उपभोक्ताको शक्तिको यो ढोङलाई उजागर गर्नु महत्त्वपूर्ण छ किनभने यो वर्तमान व्यवस्थालाई सही ठहऱ्याउने र सबै विकृतिहरूको जिम्मेवारी यसका सञ्चालकहरूको सट्टा 'उपभोक्ता' को टाउकोमा थुपार्ने एउटा ठुलो हतियार हो।

जबसम्म तपाईं बजारमा एक क्रेताको रूपमा हुनुहुन्छ, तबसम्म तपाईंले सकेसम्म राम्रो र नैतिक विकल्पहरू रोज्नु नै बुद्धिमानी हुन्छ। मेरा विचारमा यसका तीनवटा नियमहरू छन्:

- सकेसम्म थोरै मात्र उपभोग गर्ने,
- त्यस्ता चीजहरू मात्र किन्ने जसको उत्पादकसँग तपाईंको प्रत्यक्ष सम्बन्ध छ वा कम्तीमा ती कुराहरू कुन अवस्थामा उत्पादन गरिएका हुन् भन्ने कुराको गहिरो ज्ञान छ र
- नैतिक, सामाजिक र वातावरणीय रूपमा सही विकल्पहरू रोज्ने।




बजार अर्थतन्त्रको दायराभित्रै रहेर पनि, बजारलाई आकार दिनको लागि उपभोक्ताको रूपमा भन्दा सचेत नागरिकको रूपमा काम गर्न सकिन्छ। कतिपय उत्पादन पद्धतिहरूमाथि प्रतिबन्ध लगाउन वा कृषि मजदुरहरूको अवस्था सुधार गर्नका लागि नियमहरू ल्याउन दबाब दिएर यो काम गर्न सकिन्छ। खाद्य उद्योग र खुद्रा व्यापारीहरूविरुद्ध राजनीतिक रूपमा पनि कदम चाल्न सकिन्छ। समग्रमा भन्नुपर्दा, प्रतिबद्ध मानिसहरूद्वारा गरिने बहिष्कार र खबरदारीले राम्रो उपभोक्ता छनोटको तुलनामा खाद्य शृङ्खलामा बढी प्रभाव पारेको देखिन्छ।

**उपभोक्तावादलाई अस्वीकार गरौं**

नैतिक उपभोक्ता छनोट अर्थात् 'हरित उपभोक्तावाद' अपनाउनुभन्दा पनि बढी महत्त्वपूर्ण कुरा उपभोक्तावादलाई नै चुनौती दिनु हो। खाद्यान्नप्रतिको 'उपभोक्ता' दृष्टिकोणले खानालाई खेतदेखि थालीसम्म केवल एउटा किनबेच हुने वस्तुमा सङ्कुचित गरिदिन्छ। यस्ता व्यापारिक वस्तुहरू बजारका लागि उत्पादन गरिन्छन्, जहाँ प्रत्येक सरोकारवालाले सामान बेच्नका लागि अरूसँग प्रतिस्पर्धा गर्छन्। वस्तु उत्पादनको यो प्रक्रिया समुदाय, वातावरण, अन्य जीवित प्राणी र मजदुर आदिको मूल्य चुकाएर मात्र अघि बढ्छ। त्यसैगरी, वस्तुवादी उपभोगले स्वास्थ्यमा गिरावट, मोटोपना र खानाको बर्बादीतर्फ लैजान्छ।

बजारद्वारा मलजल गरिएको यस्तो वस्तुवादी दृष्टिकोण हाम्रो कल्याण र बाँकी जीवित संसारसँगको हाम्रो सम्बन्धलाई व्यवस्थित गर्ने उपयुक्त माध्यम पक्कै होइन। खाना नै यस सम्बन्धको सबैभन्दा केन्द्रीय कडी हो।

त्यसैले, एउटा मुख्य कार्य भनेको विभिन्न माध्यमहरूबाट खाद्यान्नलाई बजारीकरणबाट मुक्त गर्नु हो। यो काम आफैंले खेती गरेर, सह-उत्पादन गरेर, उपहार दिएर र बाँडेर वा उत्पादक र उपभोक्ताबिच एउटा बलियो सम्बन्ध स्थापना गरेर मात्र सम्भव छ।

*स्रोत : गार्डेन अर्थ*

# इरानद्वारा सर्वोच्च नेता सैयद अलि खामेनीको सार्वजनिक अन्त्येष्टि समारोह सुरु



तेहरान, २० असार (एएफपी) । इरानले शनिबार बिहानदेखि दिवङ्गत सर्वोच्च नेता आयतोल्लाह अली खामेनीको सार्वजनिक अन्त्येष्टि समारोहको औपचारिक सुरुआत गरेको छ ।

सरकारी टेलिभिजनका अनुसार अन्त्येष्टिअघि छ दिनसम्म सार्वजनिक श्रद्धाञ्जलि कार्यक्रम सञ्चालन गरिनेछ । यस अवधिमा इराकमा पनि शोक र्‍यालीहरू आयोजना गरिने कार्यक्रम छ ।

घटनास्थलमा रहेका एएफपीका पत्रकारका अनुसार खामेनीको शव राखिएको बाकस समारोहस्थलमा ल्याइनुअघि नै हजारौँ शोकाकुल नागरिक तेहरानस्थित ग्रान्ड मोसाल्लाको प्राङ्गणमा भेला भएका थिए ।

उनीहरूले अमेरिकाविरुद्ध नारा लगाएका थिए भने बदलाको प्रतीक मानिने रातो ब्यानर पनि प्रदर्शन गरेका थिए ।

# कठिन जीतसहित अर्जेन्टिना अन्तिम १६ मा

मियामी, २० असार (एएफपी) । साविक विजेता अर्जेन्टिना अतिरिक्त समयमा केप भर्डेमाथि ३-२ को कठिन जीत निकाल्दै फिफा विश्वकपको अन्तिम १६ मा प्रवेश गरेको छ । अर्जेन्टिनाका मुख्य प्रशिक्षक लियोनेल स्कालनीले उक्त खेल आफ्नो प्रशिक्षकीय जीवनकै सबैभन्दा चुनौतीपूर्णमध्ये एक भएको बताउनुभएको छ ।



मियामीको अत्यधिक गर्मीबीच करिब पाँच लाख जनसङ्ख्या भएको अफ्रिकी टापु राष्ट्र केप भर्डेले अर्जेन्टिनालाई कडा प्रतिस्पर्धा दिएको थियो ।

लियोनेल मेसीले विश्वकपमा आफ्नो २० औँ तथा यस संस्करणको सातौँ गोल गर्दै अर्जेन्टिनालाई सुरुआती अग्रता दिलाएका थिए । तर विश्वकपमा पहिलोपटक सहभागी भएको ब्लु सार्क्सु उपनामले परिचित केप भर्डेले हार स्वीकार गरेन ।

खेलको ६० औँ मिनेटमा डेरोय डुआर्टेले गोल गर्दै खेललाई बराबरीमा ल्याएपछि निर्धारित समय १-१ को बराबरीमा सकियो र खेल अतिरिक्त समयमा धकेलियो ।

अतिरिक्त समयमा लिसान्द्रो मार्टिनेजले अर्जेन्टिनालाई पुन: अग्रता दिलाए । तर सिड्नी लोपेस काब्रालले उत्कृष्ट गोल गर्दै केप भर्डेलाई फेरि २-२ को बराबरीमा पुर्‍याए ।

अन्तत: क्रिस्टियन रोमेरोको दबाबका क्रममा डिनी बोर्जेसबाट भएको आत्मघाती गोल निर्णायक बन्यो । त्यससँगै अर्जेन्टिनाले ३-२ को रोमाञ्चक जीत दर्ता गर्दै मङ्गलबार हुने अन्तिम १६ को खेलमा इजिप्टसँगको भेट पक्का गर्‍यो ।

आफ्नो देशको टोलीको प्रशिक्षकका रूपमा १०० औँ खेल पूरा गरेका स्कालनीले खेलपछि भन्नुभयो, “यी १०० खेलमध्ये प्रशिक्षकका रूपमा यस खेलले ममाथि सबैभन्दा गहिरो छाप छोडेको छ ।”

उहाँले थप भन्नुभयो, “यदि हामी पराजीत भएको भए त्यो निकै अप्रत्याशित र निराशाजनक नतिजा हुने थियो ।” प्रतियोगिताको ‘ड्र’ अनुसार अर्जेन्टिना तुलनात्मक रूपमा सहज मार्गमा देखिए पनि स्कालनीले केप भर्डेको प्रदर्शनले कुनै पनि विपक्षीलाई कमजोर ठान्न नहुने सन्देश दिएको बताउनुभयो ।

“म विपक्षी टोलीलाई बधाई दिन चाहन्छु । ‘कुनै पनि खेल सहज हुँदैन’ भन्ने भनाइलाई उनीहरूले आज मैदानमा उत्कृष्ट प्रदर्शन गर्दै पुष्टि गरेका छन्,” स्कालोनीले भन्नुभयो ।

अर्जेन्टिनाले अन्तिम १६ मा इजिप्टलाई पराजीत गर्न सके क्वार्टरफाइनलमा स्विट्जरल्यान्ड, कोलम्बिया वा घानामध्ये एक टोलीसँग प्रतिस्पर्धा गर्नेछ ।

# ‘बावी’ नाम दिएको आँधी अमेरिका प्रवेश

साइपान, २० असार (एएफपी) । गुआम र उत्तरी मारियानास हुँदै अमेरिकी प्रशान्त क्षेत्रहरूलाई खतरामा पार्ने दोस्रो ‘सुपर टाइफुन’ बावी नाम दिएको आँधी शनिबार अमेरिकी प्रशान्त क्षेत्रमा प्रवेश गरेको जनाइएको छ ।

द्वीपसमूहको सयौँ किलोमिटर पूर्वमा २५९ किलोमिटर प्रतिघण्टा र ३१४ किलोमिटर प्रतिघण्टाको दरमा आएको साथ संयुक्त टाइफुन बावीको चेतावनी जारी गरिएको छ । हालको पूर्वानुमानले मारियानासका लागि गम्भीर परिदृश्यको सङ्केत जारी गरेको अमेरिकी राष्ट्रिय मौसम सेवाले चेतावनी दिएको छ ।

टापुका लगभग दुई लाख बासिन्दाहरू ग्यास खाना, पानी र अन्य अत्यावश्यक वस्तुहरू किन्नका लागि सुपरमार्केटहरूमा जम्मा भएको एएफपीले जनाएको छ ।

शनिबार संयुक्त राज्य अमेरिकी स्वतन्त्रताको २५० औँ वर्ष मनाउने योजनाहरू गुआम र उत्तरी मारियानासमा बावीका कारण आपतकालिन अवस्था घोषणा गरेसँगै प्रभावित भएको जनाइएको छ ।

उत्तरी मारियानास टापुमा लगभग ४० हजार मानिसहरूको बसोबास गर्छन् भने गुआममा -एक लाख ७० हजार मानिसहरुको बसोबास रहेको छ ।

अप्रिलको मध्यमा आएको सिन्लाकु आँधीले दसौँ हजार मानिसहरूको बिजुली सेवा प्रभावित बनाएको, रुखहरू ढलेको कारहरू पल्टिएको र भवनहरू क्षतिग्रस्त भएको जनाइएको छ ।

एउटा मालवाहक जहाज, एमभी मारियाना, इन्जिनमा समस्याका कारण दुर्घटना हुँदा मृत्युवरण गरेका चालक दलका एक जना सदस्यको शव बरामद भएको र अन्य पाँचजना बेपत्ता भएको जनाइएको छ ।

बावीको आगमनअघि नै विपद् टोली र आपूर्तिहरू तैनाथ गरिएको जनाउँदै अमेरिकी रेड क्रसले केही स्थानीयहरू अझै पनि अस्थायी आश्रयमा रहेको चेतावनी दिएको छ ।

अस्थाई आवासमा बसिरहेकाहरुले बिजुली पानी लगायतका आधरभूत आवाश्यकताको कमी रहेको र सहायताका लागि आवेदन प्रक्रियाले धेरै लामो भएको बताएका छन् भने टापुमा थप मनोचिकित्सक र आर्थिक सहयोगको माग गरेका छन् ।

विश्व मौसम विज्ञान सङ्गठनले एल निनो, सामान्यतया प्रत्येक दुईदेखि सात वर्षमा देखा परी नौदेखि १२ महिनासम्म रहने जनाउँदै, उष्णकटिबन्धीय प्रशान्तमा सुरु भइसकेको र यो बलियो हुने सम्भावना रहेको चेतावनी दिएको छ । प्राकृतिक जलवायु घटनाले मध्य र पूर्वी भूमध्यरेखीय प्रशान्त महासागरको सतहको तापक्रमलाई बढाउँछ, जसले हावा, दबाब र वर्षाको प्रकृतिमा विश्वव्यापी परिवर्तन ल्याउँछ ।

## विश्व सङ्क्षेप

### भेनेजुयलामा भूकम्प अपडेट : मृतकको सङ्ख्या दुई हजार ६४५ पुग्यो

काराकस, २०असार (सिन्ह्वा) । भेनेजुयलामा आएको भूकम्पबाट ज्यान गुमाउनेको सङ्ख्या दुई हजार ६४५ जना पुग्नुका साथै १२ हजार ६६६ जना घाइते भएको भेनेजुयलाको राष्ट्रिय सभाका अध्यक्ष जोर्ज रोड्रिगेजले बताउनुभएको छ ।

अस्थायी शिविरका लागि कमान्ड सेन्टरका प्रमुख समेत रहेका रोड्रिगेजले टेलिग्राममार्फत छ हजार ४६२ जनालाई उद्धार गरिएको र ८६ हजार ११७ परिवारले सहायता प्राप्त गरेको बताउनुभएको छ ।

भूकम्पले ८८५ भवनहरू क्षतिग्रस्त भएको र अन्य १८९ भवनहरू ध्वस्त भएको उहाँले बताउनुभएको छ । अधिकारीहरूले प्रकोपबाट प्रभावितहरूलाई समायोजन गर्न ५९ वटा अस्थायी शिविरहरू स्थापना गरेको बताइएको छ ।

भेनेजुयलामा आपतकालीन अवस्थाको सामना गर्न तीन हजार ३०५ जना अन्तर्राष्ट्रिय उद्धारकर्ता र २९ हजार ५६७ जना आपत्कालीन प्रतिक्रियाकर्ता देशभर तैनाथ रहेको उहाँले बताउनुभएको छ ।

### केन्द्रीय सैन्य आयोगद्वारा जनरल पदोन्नति समारोहको आयोजना

पेइचिङ, २० असार (सीआरआई) । केन्द्रीय सैन्य आयोगको जनरल पदोन्नति समारोह जुलाई ३ तारिख पेचिङ पा यी भवनमा आयोजना गरिएको छ । केन्द्रीय सैन्य आयोगका अध्यक्ष सी चिनफिङ सो समारोहमा उपस्थित हुनुभयो ।

बिहान साढे १० बजेतिर जनरल पदोन्नति समारोह जन गणतन्त्र चीनको राष्ट्रिय गानका साथ सुरु भएको थियो । केन्द्रीय सैन्य आयोगका उपाध्यक्ष चाङ शङ मिनले समारोहको अध्यक्षता गर्दै केन्द्रीय सैन्य आयोगका अध्यक्ष सी चिनफिङले हस्ताक्षर गर्नुभएको जनरल पदोन्नति आदेश सुनाउनुभयो ।

अध्यक्ष सीले जनरल पदोन्नति भएका २ जना सैन्य अधिकृतलाई आदेश पत्र प्रदान गर्दै बधाई ज्ञापन गर्नुभयो । समारोह सम्पन्न भएपछि सी चिनफिङ लगायतका नेतागणले जनरल पदोन्नति पाएका सैन्य अधिकृतसँग सामूहिक फोटो खिच्नुभएको थियो ।

...........

### चिनियाँ समुद्री प्रहरीद्वारा चीनको थाइवान टापुको सम्बद्ध समुद्री क्षेत्रमा सामान्य कानुनी गस्ती

पेइचिङ, २० असार (सीआरआई) । चिनियाँ समुद्री प्रहरी व्युरोका प्रेस प्रवक्ता च्याङ ल्युएले जानकारी दिनुभए अनुसार, जुलाई ४ तारिखदेखि चिनियाँ समुद्री प्रहरीको स्यौ शान पानी जहाज फौजले पहिलेको ताइ शान पानी जहाज फौजको साटासाट गरी निरन्तर रूपमा चीनको थाइवान टापुको पूर्वी समुद्री क्षेत्रमा कानुन बमोजिम गस्ती निरीक्षण जारी गर्दै जाने छ ।

गत जुन महिना यता ताइ शान पानी जहाज फौजले लगातार रूपमा सम्बद्ध समुद्री क्षेत्रमा गश्ती, मत्स्य संरक्षण र उद्धार आदि गतिविधि चलाएर सामान्य यात्रा र परिपाटीलाई प्रत्याभूति दिनुका साथै थाइवान देशबन्धुलगायत चिनियाँ माझीहरूको उचित हक-अधिकार र जनधनको सुरक्षाको पनि संरक्षण गर्दै आएको छ ।

आगामी दिनहरूमा चिनियाँ समुद्री प्रहरीले निरन्तर रूपमा चीनको अधिनमा रहेको समुद्री क्षेत्रमा कानुनबमोजिम गस्ती निरीक्षण गर्दै दृढताका साथ राष्ट्रिय भूभागको सार्वभौमसत्ता र सामुन्द्रिक हक-अधिकारको संरक्षण गर्दै जानेछ ।

### कङ्गोमा इबोला सङ्क्रमण तीव्र

किन्शासा, २० असार (सिन्ह्वा) । लोकतान्त्रिक गणतन्त्र कङ्गोमा हाल इबोला सङ्क्रमण तिव्र भएको जनाइएको छ । एक हजार ५०२ जनामा सङ्क्रमण पुष्टि भएको घटनाहरू रिपोर्ट गरिएकोमा ४७३ जनाको मृत्यु भएको विश्व स्वास्थ्य सङ्गठनले बताएको छ ।

डीआरसीका जनस्वास्थ्य अधिकारीहरूले शुक्रबार जारी गरेको पछिल्लो प्रतिवेदनअनुसार ६२८ जना इबोला सङ्क्रमित बिरामीहरू हाल अस्पतालमा भर्ना भएका छन् भने २२९ जना निको भएका छन् । योबाहेक ६३ जनाको मृत्युसहित कुल २१३ जना सङ्क्रमितको रिपोर्ट गरिएको छ ।

पत्रकारहरूसँगको साक्षातकारमा बोल्दै अफ्रिकाका लागि डब्ल्यूएचओका क्षेत्रीय निर्देशक मोहम्मद याकुब जनाबीले पूर्वी प्रान्त इटुरी र उत्तरी किभुमा सङ्क्रमण जारी रहेकाले अवस्था गम्भीर रहेको बताउनुभएको छ ।

जनाबीले हालको प्रकोप अहिलेसम्म रेकर्ड गरिएको सबैभन्दा ठूलो इबोला प्रकोप भएको बताउनुभएको छ ।

डीआरसीमा डब्ल्यूएचओ विशेषज्ञ पियरे अकिलिमालीले असुरक्षा र सशस्त्र समूह गतिविधिहरूबाट प्रभावित क्षेत्रहरूमा प्रकोप भइरहेको र केस पत्ता लगाउन र सम्पर्क पत्ता लगाउन गाह्रो भएको बताउनुभएको छ । इटुरीका केही प्रभावित क्षेत्रहरू खानी क्षेत्रहरू भएकाले बाहिरबाट मानिसहरूको बारम्बार आवागमनले भाइरस सर्ने जोखिम बढाएको जनाइएको छ ।

विश्व स्वास्थ्य संगठनले बुन्डिबुग्यो भाइरसको सङ्क्रमणले गर्दा हुने इबोला रोगको सम्भावित उपचारको मूल्याङ्कन गर्न डीआरसीमा बिरामीहरू भर्ना गर्न क्लिनिकल परीक्षण सुरु भएको जनाएको छ । जसको लागि हाल सम्म कुनै स्वीकृत खोप वा विशिष्ट उपचार पत्ता लागेको छैन ।

# हामी असक्षम, दोष मार्क्सवादलाई ?

✍ तुल्सीदास महर्जन

नेपालमा भर्खरै सम्पन्न आम चुनावमा 'वामपन्थी वा कम्युनिस्टहरू' को लज्जास्पद हार भएपछि त्यसको कारणको विश्लेषण गर्ने क्रममा मार्क्सवाद नै गलत र असान्दर्भिक भएकाले उनीहरूले त्यस्तो नतिजा बेहोर्नुपरेको हो भन्ने तर्क गर्दै अनलाइन खबर डटकमको असार ४ गतेको अङ्कमा एक लेख छापियो ।

सो लेखका लेखक मोहन तिम्सिना नेपाली वामपन्थी आन्दोलनकै एक कार्यकर्ता भएको बुझिन्छ । त्यस लेखको आधारमा उनी अब उप्रान्त मार्क्सवाद र कम्युनिस्ट आन्दोलनबाट अलग भएको पुष्टि मिल्छ ।

प्रस्तुत आलेखले मार्क्सवादका आधारभूत प्रस्थापनाहरू (द्वन्द्वात्मक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त, वर्गसङ्घर्ष र साम्यवाद) माथि केही गम्भीर र परम्परागत गैरमार्क्सवादी प्रश्नहरू उठाएको छ । लेखकले मार्क्सवादलाई 'यान्त्रिक', 'विज्ञानद्वारा खण्डित' र 'मानव स्वभावविपरीत' ठहर गर्दै कम्युनिस्ट आन्दोलनको सङ्कटको मुख्य दोषी मार्क्सवादी दर्शन नै रहेको दाबी गरेका छन् ।

यद्यपि, मार्क्सवादी दर्शन, आधुनिक विज्ञान र समकालीन राजनीतिक-आर्थिक यथार्थको कूटनीतिक एवं गम्भीर समीक्षा गर्ने हो भने उक्त आलेखमा मार्क्सवादको अति-सरलीकरण र यान्त्रिक बुझाइ रहेको देखिन्छ । त्यस आलेखको मार्क्सवादी दृष्टिकोणका आधारमा विश्लेषण गर्दा देखिएका विरोधाभासहरू यहाँ प्रस्तुत गरिन्छ ।

१. उनी तर्क गर्छन्, "मार्क्सवादले एकतर्फ 'सङ्घर्ष स्थायी र निरपेक्ष हुन्छ' भन्छ भने अर्कोतर्फ 'साम्यवादमा वर्ग र वर्गसङ्घर्ष रहँदैन' भन्दै समाजलाई सङ्घर्षहीन एकत्वमा पुऱ्याउँछ, जुन विरोधाभासपूर्ण छ" । उनको यो तर्कले मार्क्सवादी द्वन्द्ववादको 'शत्रुतापूर्ण' र 'गैरशत्रुतापूर्ण' विरोधाभासबिचको भिन्नतालाई बुझ्न सकेको देखिँदैन । मार्क्स र एङ्गेल्सले 'कम्युनिस्ट घोषणापत्र' (१८४४) मा "आजसम्मको मानव इतिहास वर्गसङ्घर्षको इतिहास हो" भन्दा लिखित इतिहास अर्थात् वर्गीय समाजको इतिहासलाई मात्र भनेका हुन् ।

साम्यवादमा वर्गहरू समाप्त हुनु भनेको 'सङ्घर्ष' वा 'गतिशीलता' समाप्त हुनु होइन, केवल वर्गीय उत्पीडन र मानिसद्वारा मानिसको शोषणको अन्त्य हुनु हो । माओ त्सेतुङले आफ्नो दार्शनिक कृति 'अन्तरविरोध बारे' (१९३७) मा स्पष्ट गरेका छन् कि विरोधाभास सम्पूर्ण ब्रह्माण्डको सर्वव्यापी नियम हो । साम्यवादमा पनि पुरानो र नयाँ विचार, सही र गलत प्रविधि, तथा मानिस र प्रकृतिबिचको गैर-शत्रुतापूर्ण द्वन्द्व निरन्तर जारी रहन्छ र त्यसैले समाजलाई गति दिन्छ । तसर्थ, मार्क्सवादले समाजलाई जड वा गतिहीन एकत्वमा सङ्कुचित गर्दैन ।

२. 'प्रकृतिसँग सङ्घर्ष' को सम्बन्धमा मार्क्सको भनाइलाई लिई लेखक तिम्सिना भन्छन्, "मार्क्सले साम्यवादमा 'मानिस र प्रकृतिबिच सङ्घर्ष हुन्छ' भनेर अप्राकृतिक कुरा गरे, किनकि मानिस त प्रकृतिको अङ्ग हो र उसले सहकार्य गर्छ ।"

यस भनाइको अन्तर्यलाई हेर्दा उनले 'प्रकृतिसँगको सङ्घर्ष' को कुरालाई मानिसले जङ्गल फँडानी गर्ने वा वातावरण विनाश गर्नेसँग जोडेर बुझेको देखिन्छ, जुन मार्क्सको आशय होइन । मार्क्सले 'इकोनोमिक एन्ड फिलोसोफिकल मानुस्क्रिप्ट (१८४४) मा स्पष्ट रूपमा साम्यवादलाई 'मानिस र प्रकृति तथा मानिस र मानिसबिचको विरोधाभासको साँचो समाधान' भनेका छन् ।

मार्क्सका अनुसार पुँजीवादले प्रकृति र मानवबिचको 'मेटाबोलिक सम्बन्ध' लाई बिगार्छ । साम्यवादमा प्रकृतिसँगको 'सङ्घर्ष' भनेको प्रकृतिको अन्धो विनाश होइन, बरु प्रकृतिका नियमहरू (बाढी, अनिकाल, महामारी आदि) लाई विज्ञानको मद्दतले बुझ्ने र मानव हितमा सन्तुलित ढङ्गले प्रयोग गर्ने बौद्धिक एवं वैज्ञानिक सङ्घर्ष हो । मार्क्सवादले मानिसलाई प्रकृतिको मालिक होइन, बरु सचेत अङ्ग मान्दछ ।

त्यस्तैगरी, एङ्गेल्सले आफ्नो पुस्तक 'डाइलेक्टिस अफ नेचर' मा भनेका छन्, "हामीले प्रकृतिमाथि विजय प्राप्त गर्यौं भनेर घमण्ड गर्नु हुँदैन । किनकि, प्रत्येक विजयको बदला प्रकृतिले हामीबाट लिन्छ । हामीले सोचेका परिणामहरू त आउँछन्, तर त्यसपछि यस्ता अप्रत्याशित समस्याहरू सिर्जना हुन्छन् जसले हाम्रो पहिलो सफलतालाई पनि समाप्त पारिदिन्छ ।"

एङ्गेल्सको तर्क थियो कि मानिस प्रकृतिभन्दा बाहिरको कुनै 'विजेता' होइन; मानिस प्रकृतिकै हिस्सा हो र प्रकृतिका नियमहरूलाई बुझेर मात्र हामी राम्रोसँग बाँच्न सक्छौँ ।

पुँजीवादी व्यवस्थामा पुँजीजीवी व्यवसायीहरूको ध्यान केवल छिटो नाफा कमाउनुमा हुन्छ । यसले गर्दा उनीहरूलाई त्यसको दीर्घकालीन असरबारे वास्ता हुँदैन ।

यस सम्बन्धमा एङ्गेल्स भन्छन्, "जबसम्म कुनै उत्पादक वा व्यापारीले नाफा कमाउँछन्, उनीहरू खुसी हुन्छन् । त्यसपछि वस्तु वा वातावरणको के हुन्छ, त्यसको उनीहरूलाई कुनै चासो हुँदैन ।"

उदाहरणको लागि, मानिसले खेत बनाउनका लागि अन्धाधुन्ध जङ्गल फँडानी गरे । उनीहरूले कहिल्यै सोचेनन् कि ती जङ्गलहरूले वर्षाको पानी जोगाएर राख्ने काम गर्थे । जङ्गल नष्ट गरेपछि आज ती ठाउँहरू मरुभूमि बनेका छन् ।

त्यसकारण प्रकृति विनाशको कार्य नाफाका लागि पुँजीवादमा हुँदै गरेको छ, लेखक मोहन तिम्सिनाले सङ्केत गरेजस्तो साम्यवादमा हुने देखिँदैन । साम्यवाद सम्पूर्ण प्रकृतिको संरक्षण गर्ने समाज हुनेछ, किनकि त्यहाँ नाफाका लागि अन्धो रूपले प्रकृतिको दोहन गर्ने क्रियाकलाप हुने स्थिति नै हुन्न । साम्यवादमा उत्पादन क्रियाकलाप मानव आवश्यकता पूरा गर्नका लागि नै गरिने छ, नाफा कमाउनका लागि होइन ।

३. आधुनिक भौतिक विज्ञान र यान्त्रिक बिम्बको प्रश्नमा आलेखका लेखक तिम्सिना तर्क गर्छन्, "मार्क्सको समयको विज्ञान यान्त्रिक थियो र आजको आधुनिक विज्ञान (जस्तै: क्वान्टम फिजिक्स) ले मार्क्सवादका दार्शनिक नियमहरूलाई खण्डन गरिसक्यो ।"

तर, वास्तवमा यथार्थ यसको ठीकविपरीत छ । १७ औँ शताब्दीको न्युटोनियन फिजिक्सको जगमा उभिएर १९ औँ शताब्दीमा जन्मिएको यान्त्रिक भौतिकवादलाई खण्डन गरेर नै मार्क्स र एङ्गेल्सले द्वन्द्वात्मक भौतिकवादको विकास गरेका थिए । फ्रेडरिक एङ्गेल्सले आफ्नो कृति 'डाइलेक्टिस अफ नेचर' (१८७३-८२) र 'एन्टी ड्युहरिङ' (१८७८) मा तत्कालीन यान्त्रिक विज्ञानको सरलीकरणलाई आलोचना गर्दै प्रकृति गतिशील र परिवर्तनशील छ भन्ने विचार स्थापित गरेका थिए ।

आजको आधुनिक विज्ञान (क्वान्टम यान्त्रिकी र सापेक्षतावाद) ले के देखाउँछ भने पदार्थ स्थिर छैन; यो कण र तरङ्ग दुवै स्वरूपमा रहन्छ (द्वैत स्वभाव) र यसमा अन्तर्निहित विरोधाभास हुन्छ । आधुनिक विज्ञानको यो निष्कर्ष मार्क्सवादी द्वन्द्ववाद (विपरीत तत्त्वहरूको एकता र सङ्घर्ष) सँग पूर्ण रूपमा मेल खान्छ, न कि यसको खण्डन हुने गर्छ ।

४. अतिरिक्त मूल्यको सिद्धान्त र डिजिटल अर्थतन्त्रबिच विरोधाभास देखाउन उनी तर्क गर्छन्, "आजको सफ्टवेयर क्रान्ति, डेटा इकोनोमी र कलाकार/खेलाडीको अत्यधिक कमाइले अतिरिक्त मूल्यको सिद्धान्तलाई असान्दर्भिक वा विवादास्पद बनाएको छ ।"

लेखकको यो भनाइ अतिरिक्त मूल्यको सिद्धान्त सम्बन्धमा उनको सीमित बुझाइको परिचय हो । उनले केही हदसम्म 'साझा अतिरिक्त मूल्य' को अवधारणा स्वीकार गरे तापनि मार्क्सको सिद्धान्तलाई व्यक्तिगत आर्जनसँग जोडेर सङ्कुचित बनाएका छन् । मार्क्सले 'पुँजी' (ग्रन्थ. १) मा स्पष्ट गरेका छन् कि मूल्यको सिर्जना शारीरिक श्रमले मात्र गर्दैन, 'सामाजिक रूपमा आवश्यक श्रम समय' ले निर्धारण गर्छ ।

आजको डिजिटल वा डेटा इकोनोमीमा पनि माइक्रोसफ्ट वा गुगलजस्ता कम्पनीहरू आफैँ मूल्य सिर्जना गर्दैनन् । तिनीहरूले संसारभरिका प्रयोगकर्ताहरूको नि:शुल्क 'डेटा' (श्रम र समय) लाई कब्जा गरेर र आफ्ना प्राविधिक श्रमिकहरूलाई कम ज्याला दिएर नै खर्बौंको साम्राज्य खडा गरेका हुन् । यो त मार्क्सले भनेको 'लुट' वा अतिरिक्त मूल्यको शोषणको अझ उन्नत र क्रूर रूप मात्र होइन र ?

५. लेखक तिम्सिनाले व्यक्तिगत सम्पत्ति राख्नुलाई विरोध गरेर 'मानव स्वभावविपरीत' को विचार राखेको भनेर मार्क्सवादको विरोध गरेका छन् । उनी तर्क गर्छन्, "व्यक्तिगत सम्पत्ति आर्जन गर्नु मानव स्वभाव हो । मार्क्सवादले निजी धन मास्नुपर्छ भन्छ, त्यसैले यो असफल भयो ।"

यो तर्क पनि लेखक तिम्सिनाको गलत बुझाइ हो । मार्क्सवादले मानिसको मेहनतबाट आर्जित 'व्यक्तिगत सम्पत्ति' (जस्तै घर, कपडा, गाडी) को विरोध कहिल्यै गरेको छैन । मार्क्सले 'कम्युनिस्ट घोषणापत्र' (१८४८) मा स्पष्ट लेखेका छन्, "कम्युनिज्मको विशेषता व्यक्तिगत सम्पत्तिको उन्मूलन होइन, बरु बुर्जुवा (पुँजीवादी) सम्पत्तिको उन्मूलन हो ।"

बुर्जुवा सम्पत्ति (प्राइभेट प्रपर्टी) भन्नाले उत्पादनका साधन (कारखाना, जमिन, बैङ्क) बुझिन्छ, जसको जगमा बसेर पुँजीपतिले अरूको श्रम शोषण गर्छ । मानव स्वभाव स्थिर हुँदैन, यो सामाजिक र आर्थिक सम्बन्ध (मटेरियल कन्डिसन्स) अनुसार बदलिन्छ । आदिम समाजमा निजी सम्पत्तिको अवधारणा नै थिएन । तसर्थ, पुँजीवादी स्वार्थ र लोभलाई 'शाश्वत मानव स्वभाव' मान्नु नै एक भ्रम (इडियोलोजिकल इलुजन) हो ।

६. कम्युनिस्ट पार्टीहरूको सङ्कट : विचारको दोष कि विचलन ?

लेखक तिम्सिना भन्छन्, "कम्युनिस्ट पार्टीहरू नेताहरूको कमजोरीले होइन, मार्क्सवादकै त्रुटिपूर्ण सिद्धान्तका कारण असफल वा फुटको सिकार भएका हुन् ।"

उनको यो भनाइ यथार्थपरक देखिन्न । एउटा के कुरा सही हो भने नेपाली कम्युनिस्ट आन्दोलनको असफलताको कारण कोही नेता वा नेताहरूको कमजोरी मात्र पक्कै होइन । मुख्य रूपमा मार्क्सवादी दर्शन तथा सिद्धान्त बुझ्न र व्यवहारमा लागू गर्न नसक्दा नै कम्युनिस्ट आन्दोलनले सही दिशा पक्रन नसकेको हो । यसमा नेताहरू पनि दोषी नहुने भन्ने सवाल रहन्न । अज्ञानता र असक्षमता हाम्रो तर असफलताको दोष मार्क्सवादलाई दिनु ठीक होइन ।

मार्क्सवाद कुनै जडसूत्र (डोग्मा) होइन, यो 'कार्यको लागि मार्गदर्शक' (अ गाइड टु एक्सन) हो । नेपाल वा विश्वका कम्युनिस्ट पार्टीहरूमा देखिएको टुटफुट, भ्रष्टता वा विचलन मार्क्सवाद सम्बन्धमा बुझाइको त्रुटि मात्र होइन, बरु संसदीय संशोधनवाद (रिभिजिनिज्म) र पुँजीवादी अवसरवाद सामु आत्मसमर्पण गर्नुको पनि परिणाम हो । लेनिनले 'राज्य र क्रान्ति' (१९१७) मा भनेझैँ, जब क्रान्तिकारीहरूले सिद्धान्तलाई आफ्नो वर्गस्वार्थ अनुकूल बङ्ग्याउँछन् वा संसद्वादमा डुब्छन्, तब आन्दोलनको विघटन सुरु हुन्छ । नेपालका सन्दर्भमा नेताहरूमा वैचारिक स्पष्टताको अभाव र राजनीतिलाई सत्ता प्राप्तिको साधन मात्र बनाउनाले यो सङ्कट पैदा भएको हो ।

लेखक मोहन तिम्सिनाको आलेखले पुँजीवादका केही विकृतिहरू स्वीकार गरे तापनि यसको विकल्प खोज्ने क्रममा मार्क्सवादलाई यान्त्रिक ढाँचामा राखेर खारेज गर्ने प्रयास गरेको छ । मार्क्सवाद इतिहासको अन्त्य होइन, बरु यसले समाजलाई निरन्तर गति दिने वैज्ञानिक दृष्टिकोण (हिस्टोरिकल मटेरियलिज्म) प्रदान गर्दछ ।

आजको नव-उदारवादी सङ्कट, वातावरणीय विनाश र बढ्दो आर्थिक असमानताका बेला मार्क्सवाद झन् बढी सान्दर्भिक साबित भएको छ, केवल यसलाई आजको प्रविधि र परिवेशअनुसार सिर्जनात्मक रूपमा लागू गर्न (क्रिएटिभ एप्लिकेसन) आवश्यक छ ।

*- 'अनलाइन खबर' बाट*

# अफ्रिकी समाजवाद : आफ्नै मौलिक बाटो खोज्ने प्रयास

● सुरेन्द्र नेपाल श्रेष्ठ

अफ्रिकी समाजवाद बीसौँ शताब्दीको मध्यतिर उपनिवेशवादबाट मुक्त भइरहेका अफ्रिकी राष्ट्रहरूले आफ्नो विशिष्ट पहिचान बनाउन विकास गरेको एउटा महत्त्वपूर्ण राजनीतिक र आर्थिक दर्शन हो । स्वतन्त्रता पाएपछि ती देशहरूका सामु राष्ट्रिय एकता कायम गर्ने, आर्थिक विकासको गति बढाउने र सामाजिक विभेद अन्त्य गर्नेजस्ता ठुला चुनौतीहरू थिए । यही परिस्थितिमा अफ्रिकी समाजवादको जन्म भयो । यसले युरोपको समाजवाद वा सोभियत मोडेललाई जस्ताको तस्तै नक्कल गर्नुको सट्टा अफ्रिकाको आफ्नै इतिहास, संस्कृति र सामाजिक परम्परालाई आधार बनाएर विकासको नयाँ मार्ग निर्माण गर्ने प्रयास गऱ्यो ।

वास्तवमा, लामो समयसम्म विदेशी शासनमा रहेका अफ्रिकी राष्ट्रहरूका लागि आफ्नो खुट्टामा उभिनु र समाजमा सबैलाई समान अवसर प्रदान गर्दै देशलाई एकताबद्ध बनाउनु निकै कठिन काम थियो । यही आवश्यकताबाट अफ्रिकी समाजवादको उदय भयो । यसले अरूको विचारधारा थोपर्नुको साटो अफ्रिकाको आफ्नै मौलिक चलन र सामाजिक संरचनामा आधारित विकासको बाटो रोज्न खोज्यो । यो दर्शनको जग नै उपनिवेश हुनुभन्दा अघिको अफ्रिकी समाजको सामूहिक जीवनशैलीमा अडिएको छ । पहिलेका धेरै अफ्रिकी समुदायहरूमा जमिन र प्राकृतिक स्रोतहरू कसैको निजी सम्पत्ति नभएर समुदायको साझा सम्पत्ति हुन्थे । उत्पादन र उपभोगमा सबैको सहभागिता हुन्थ्यो र सामाजिक सम्बन्धहरू आपसी सहयोग र जिम्मेवारीमा आधारित थिए । त्यसैले अफ्रिकी समाजवादले समाजवादलाई बाहिरबाट आएको नयाँ विचारका रूपमा नभई अफ्रिकाको आफ्नै जीवनशैलीको आधुनिक स्वरूपका रूपमा व्याख्या गऱ्यो ।

अफ्रिकी समाजवादको अर्को एउटा बलियो पक्ष भनेको मानवतावाद हो । युरोपेली मार्क्सवादले समाजमा परिवर्तन ल्याउन वर्गसङ्घर्षलाई मुख्य आधार मान्छ, तर अफ्रिकी समाजवादले यसलाई त्यति प्राथमिकता दिँदैन । बरु, यसले समाजमा मेलमिलाप, राष्ट्रिय एकता र सामूहिक जिम्मेवारीलाई जोड दिन्छ । अफ्रिकामा विभिन्न जातजाति, भाषा र संस्कृतिहरू रहेकाले यहाँ वर्गसङ्घर्षले भन्दा पनि एकता र सहकार्यले मात्र देशलाई बलियो बनाउन सक्छ भन्ने यसको मुख्य सोच थियो ।

आर्थिक दृष्टिकोणले हेर्दा, अफ्रिकी समाजवादले राज्यको नेतृत्वमा रहेको अर्थतन्त्रको वकालत गऱ्यो । यसमा ठुला उद्योग, प्राकृतिक स्रोत र मुख्य पूर्वाधारहरू राज्यकै नियन्त्रणमा हुनुपर्छ भन्ने मान्यता राखिन्छ, तर साना व्यवसाय र व्यक्तिगत प्रयासलाई भने रोक्नु हुँदैन । शिक्षा, स्वास्थ्य, यातायात र कृषिजस्ता आधारभूत क्षेत्रमा राज्यले नै अग्रणी भूमिका खेल्नुपर्छ भन्ने यसको मान्यता थियो ।

यो विचारधारालाई अगाडि बढाउन जुलियस न्येरेरे (तान्जानिया), क्वामे एनक्रुमा ( घाना), लेओपोल्ड सेदार सेङ्गोर (सेनेगल) र सेकु तुरे (गिनी) जस्ता नेताहरूले महत्त्वपूर्ण भूमिका खेले । न्येरेरेको 'उजामा' नीति गाउँको आत्मनिर्भरता र सामूहिक जीवनमा केन्द्रित थियो भने एनक्रुमाले औद्योगिक विकाससँगै अफ्रिकी एकताको कुरा उठाए । सेङ्गोरले संस्कृति र मानवीय मूल्यलाई समाजवादको आधार बनाए भने सेकु तुरेले राज्यको कडा नियन्त्रणमार्फत आर्थिक आत्मनिर्भरता खोजे ।

यद्यपि, व्यवहारमा अफ्रिकी समाजवादको अभ्यास धेरै ठाउँमा सोचेजस्तो सफल हुन सकेन । धेरै देशमा एकदलीय शासन प्रणाली लागू हुँदा शान्ति त भयो, तर जनताले आफ्नो विचार राख्ने स्वतन्त्रता पाएनन् । राज्यको अत्यधिक नियन्त्रणका कारण उत्पादन क्षमता घट्यो र धेरै ठाउँमा योजनाबद्ध खेती र उद्योगहरू असफल भए । यसले गर्दा केही देशहरूमा आर्थिक सङ्कट र खाद्यान्न अभावसमेत निम्तियो । फलस्वरूप, सन् १९८० पछि अन्तर्राष्ट्रिय दबाबका कारण धेरै अफ्रिकी देशहरूले आफ्नो नीति परिवर्तन गर्दै निजी क्षेत्रलाई बढी महत्त्व दिन थाले ।

सामाजिक पक्षबाट हेर्दा, अफ्रिकी समाजवादले केही सकारात्मक उपलब्धिहरू पनि हासिल गऱ्यो । यसले शिक्षा, स्वास्थ्य र आधारभूत सेवाहरूमा सर्वसाधारणको पहुँच पुऱ्याउन मद्दत गऱ्यो । उपनिवेशवादको छायाबाट मुक्त भएर आफ्नो राष्ट्रिय पहिचान र संस्कृतिलाई जोगाउन यसले महत्त्वपूर्ण भूमिका खेल्यो । साथै, यसले अफ्रिकी जनतामा "हामी पनि आफ्नो बाटो आफैँ बनाउन सक्छौँ" भन्ने आत्मविश्वास भऱ्यो ।

अन्ततः, अफ्रिकी समाजवादलाई पूर्ण रूपमा सफल वा असफल भनेर वर्गीकरण गर्न सकिँदैन । यसलाई बहुआयामिक रूपमा हेर्न आवश्यक छ । सामाजिक रूपमा यसले समानता र एकतालाई बढावा दिएकाले यो सफल देखिन्छ, तर आर्थिक रूपमा उत्पादन र दिगोपनको मामलामा यो कमजोर रह्यो । राजनीतिक रूपमा यसले स्थिरता त दियो, तर नागरिक स्वतन्त्रतालाई भने सीमित गरिदियो ।

अफ्रिकी समाजवादले दिने सबैभन्दा ठुलो पाठ भनेको विकासको कुनै एउटै सर्वमान्य बाटो हुँदैन भन्ने हो । प्रत्येक समाजको आफ्नै इतिहास र परिवेश हुन्छ, त्यसैले कुनै पनि वैचारिक मोडललाई त्यहाँको संस्कृति नबुझी जस्ताको त्यस्तै लागू गर्दा अपेक्षित नतिजा आउँदैन । अफ्रिकी समाजवादलाई बुझ्दा यसलाई शीतयुद्धको विश्व राजनीतिसँग पनि जोडेर हेर्नुपर्छ, जहाँ अफ्रिकाले पुँजीवाद र समाजवाद दुवैको बिचमा आफ्नो छुट्टै राजनीतिक पहिचान बनाउने सङ्घर्ष गरिरहेको थियो । तान्जानियाको उजामा नीति वा घानाको एनक्रुमाको औद्योगिक परियोजनाहरूले देखाएझैँ, व्यवहारिक कठिनाइ र प्रशासनिक कमजोरीका कारण यी प्रयासहरूले पूर्ण सफलता पाउन सकेनन् । प्राविधिक ज्ञानको अभाव र अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न नसक्नु यसका मुख्य चुनौती थिए ।

अफ्रिकी समाजवादको अर्को महत्त्वपूर्ण विशेषता भनेको विकासको मुख्य जिम्मेवारी राज्यले नै लिनुपर्छ भन्ने मान्यता थियो । सुरुवाती चरणमा राज्यलाई विकासको मेरुदण्ड मान्दा छिटो निर्णय लिन सजिलो त भयो, तर बिस्तारै यो संरचना निकै केन्द्रीकृत हुँदै गयो र जनताप्रति उत्तरदायी हुन सकेन । धेरै देशहरूमा नीति निर्माण र कार्यान्वयनको शक्ति एउटै राजनीतिक केन्द्रमा मात्र सीमित हुँदा स्थानीय आवश्यकता र विविधताहरूलाई उपेक्षा गरियो, जसले गर्दा विकासको लाभ सबैतिर समान रूपमा पुग्न सकेन । त्यसैले, अफ्रिकी समाजवादले राष्ट्रिय एकता त बलियो बनायो, तर स्थानीय सहभागितालाई भने कमजोर बनायो भन्ने आलोचना पनि सुनिन्छ ।

अन्तर्राष्ट्रिय परिवेशलाई हेर्ने हो भने, अफ्रिकी समाजवाद विकास सहायता र ऋणको प्रणालीसँग नजिकबाट जोडिएको थियो । सन् १९८० को दशकमा अन्तर्राष्ट्रिय मुद्रा कोष ( आईएमएफ) र विश्व बैङ्कले संरचनात्मक समायोजन कार्यक्रमहरू ल्याएपछि अफ्रिकी राष्ट्रहरूमाथि बजार उदारीकरण, निजीकरण र राज्यको भूमिका घटाउने ठुलो दबाब पर्यो । यसले अफ्रिकी समाजवादको जगलाई हल्लाइदियो र धेरै देशलाई बजारमुखी अर्थतन्त्रतर्फ लाग्न बाध्य बनायो । त्यसैले, अफ्रिकी समाजवादको परिवर्तन आन्तरिक कमजोरीले मात्र नभई बाह्य आर्थिक र राजनीतिक दबाबका कारण पनि भएको हो ।

यद्यपि, यसको वैचारिक प्रभाव अझै पनि पूरै मेटिएको छैन । आज पनि अफ्रिकाका धेरै देशमा सामाजिक सुरक्षा, ग्रामीण विकास, जनस्वास्थ्य र शिक्षाजस्ता क्षेत्रमा राज्यको सक्रिय उपस्थिति देखिन्छ, जुन अफ्रिकी समाजवादकै विरासत हो । उदाहरणका लागि, रुवान्डा र इथियोपियाजस्ता देशहरूमा विकासका योजना बनाउँदा राज्यको नेतृत्वदायी भूमिकालाई अझै पनि उत्तिकै महत्त्व दिइन्छ । यसले के देखाउँछ भने अफ्रिकी समाजवाद पूर्ण रूपमा हराएको विचार होइन, बरु समयअनुसार रूपान्तरण भएको अवधारणा हो ।

समकालीन विश्वमा अफ्रिकी समाजवादको पुनर्मूल्याङ्कन गर्दा यसका केही सैद्धान्तिक पक्षहरू अझै पनि सान्दर्भिक देखिन्छन् । पहिलो, यसले विकासलाई आर्थिक वृद्धिमा मात्र सीमित नराखी सामाजिक न्याय, समानता र सांस्कृतिक पहिचानसँग जोडेर हेर्ने दृष्टिकोण दिन्छ । दोस्रो, यसले "सबै देशका लागि एउटै विकास मोडेल उपयुक्त हुन्छ" भन्ने पश्चिमी मान्यतालाई चुनौती दिन्छ । तेस्रो, यसले नीति निर्माण गर्दा स्थानीय परम्परा र सामाजिक संरचनालाई आधार मान्नुपर्छ भन्ने कुरामा जोड दिन्छ ।

नेपालको सन्दर्भमा पनि यो बहस निकै सान्दर्भिक छ । नेपालजस्तो बहुजातीय, बहुभाषिक र ग्रामीण अर्थतन्त्रमा आधारित देशमा विकासको मोडेल केवल बाह्य सिद्धान्तहरूको नक्कल मात्र हुन सक्दैन । अफ्रिकी समाजवादको अनुभवले के सिकाउँछ भने, यदि विकासको मोडल स्थानीय सामाजिक संरचना, सांस्कृतिक अभ्यास र आर्थिक यथार्थसँग मेल खाँदैन भने त्यो लामो समयसम्म टिक्न सक्दैन । त्यसैले, नेपालका लागि पनि 'आफ्नै परिवेशमा आधारित समाजवाद' वा 'स्थानीयकरण गरिएको विकास मोडेल' को आवश्यकता छ भन्ने तर्क बलियो देखिन्छ ।

*- 'रातोपाटी' बाट*

# वागीश्वरीमा कक्षा १२ उत्तीर्ण विद्यार्थीलाई बधाई तथा मार्गनिर्देशन




भक्तपुर, २० असार । वागीश्वरी माध्यमिक विद्यालयले शैक्षिक सत्र २०८२ मा कक्षा १२ को राष्ट्रिय बोर्ड परीक्षा उत्तीर्ण ४ सय ५७ जना विद्यार्थीलाई शनिबार बधाई तथा मार्गनिर्देशन दिँदै दीक्षित गरेको छ ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख तथा वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले देशकै प्रतिष्ठित र अरूको मूल्याङ्कनमा अग्रपङ्क्तिमा परेको वागीश्वरी विद्यार्थीको रोजाइको प्राथमिकतामा पर्ने बताउनुभयो । उहाँले अहिलेको सरकारले युवालाई विदेश पलायनबाट रोक्न नसकेको बताउँदै जुनसुकै देशबाट शिक्षा लिएको भए पनि देश र समाजकै हितमा उपयोग गर्नुपर्नेमा जोड दिनुभयो । छिटो परीक्षाफल प्रकाशित गर्ने नाउँमा विद्यार्थीको जीवनमाथि खेलबाड गरेको बताउँदै उहाँले छिटोभन्दा पनि गुणस्तरीय र राम्रो परीक्षाफलतर्फ जानुपर्ने बताउनुभयो । विद्यार्थीहरू अन्य देशको झिलिमिलीमा फस्न नहुने बताउँदै उहाँले ज्ञान विज्ञानको केन्द्रको रूपमा भक्तपुरलाई परिचित गराउन भक्तपुर नपाले विभिन्न कार्यक्रम ल्याएको स्पष्ट पार्नुभयो । हरेक व्यक्तिले विज्ञता हासिल गर्नुपर्नेमा जोड दिँदै उहाँले आमा बुबाका लागि भन्दा देश र समाज निर्माण गर्नका लागि आफ्नो क्षमता र रोजाइअनुसार गन्तव्य चयन गर्नुपर्ने औँल्याउनुभयो । उहाँले भक्तपुर नपाले अनुसन्धानात्मक कार्यमा जोड दिँदै अनुसन्धानवृत्तिको बन्दोबस्त गरेको, शैक्षिक ऋणको व्यवस्था गरेको स्पष्ट पार्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य ज्ञानसागर प्रजापतिले कक्षा १२ पछिका विद्यार्थीको जिम्मेवारी बढ्दै जाने बताउँदै शिक्षा केवल कागजी प्रमाणपत्र नभई यसलाई सीप र संस्कारसहितको शिक्षाको रूपमा लिनुपर्नेमा जोड दिनुभयो । उहाँले नजिकको तीर्थ हेला भनेझैँ वागीश्वरीकै विद्यार्थीले वागीश्वरीलाई नचिन्दा धेरै दुःख पाएको स्पष्ट पार्दै देशकै नमुना वागीश्वरीका विद्यार्थी पनि संस्कार र अनुशासनमा नमुना नै हुनुपर्ने बताउनुभयो । वागीश्वरीका विद्यार्थी कुनै पनि चुनौतीको सामना गर्दै देशका हरेक क्षेत्रमा लागिरहेको उल्लेख गर्दै उहाँले यहाँका विद्यार्थीको क्षमता नै कलेजको शक्ति भएको स्पष्ट पार्नुभयो । वागीश्वरीको उज्ज्वल भविष्यमा विद्यार्थीहरूले साथ दिने अपेक्षा गर्दै उहाँले वार्षिक करोडौँ रुपैयाँ छात्रवृत्ति दिइरहेको वागीश्वरी कलेज गैरनाफामुखी सामुदायिक कलेज भएको बताउनुभयो ।

वागीश्वरी कलेज अफ म्यानाजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले भक्तपुर जिल्लाकै उत्कृष्ट गन्तव्य वागीश्वरी रहेको चर्चा गर्दै उहाँले क्षमता अभिवृद्धिका नयाँ कार्यक्रम वागीश्वरीले ल्याएको बताउनुभयो । वागीश्वरीको नयाँ कार्यक्रमको रूपमा त्रिभुवन विश्वविद्यालयबाट बीबीए, बीसीए, बीआइटी ल्याएको उहाँको भनाइ छ ।

वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले वागीश्वरी कलेजले चार वर्षमा चारवटा क्षमता र सीप दिने गरी कार्यक्रम ल्याएको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र ज्याख्वले विज्ञानमा ८५.४ प्रतिशत, व्यवस्थापनमा ७६.५० प्रतिशत, मानविकीमा ८६.६७ प्रतिशत र शिक्षामा ८९.२० प्रतिशत विद्यार्थीहरू ग्रेडेड भएको बताउँदै समाज परिवर्तन र व्यक्तित्व विकासका लागि शिक्षा क्षेत्रमा नेपालमै सम्भव छ भन्ने प्रमाणित भएको बताउनुभयो । उहाँले पढाइपश्चात्को ज्ञान र सीप देश र समाजकै लागि उपयोग गर्नुपर्ने बताउँदै भक्तपुर जिल्लाकै क्यूएए गुणस्तर प्राप्त सामुदायिक कलेज वागीश्वरी रहेको स्पष्ट पार्नुभयो ।

कार्यक्रममा स्वागत गर्दै वागीश्वरी माध्यमिक विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले विद्यालयका गतिविधिहरू श्रम र उत्पादनमूलक क्षेत्रसँग जोडेर अघि बढेको बताउनुभयो । गुणस्तरीय शिक्षासँगै समय र खर्चको बचत गर्न पनि वागीश्वरी नै रोज्नुपर्नेमा उहाँको जोड छ ।

कार्यक्रममा वागीश्वरी कलेज अफ म्यानाजमेन्टका विद्यार्थी युनिका तुल्सिबाख्य, वागीश्वरी कलेज तेस्रो वर्षका विद्यार्थी लक्ष्मी तामाङ, कक्षा १२ विज्ञानतर्फबाट ३.९५ ग्रेड लिई उत्तीर्ण विद्यार्थी विमलकुमार थापाले आफ्नो अनुभव बताएको उक्त कार्यक्रममा विद्यार्थीहरूबाट गीत, सङ्गीत र नृत्यको प्रस्तुति भएको थियो । कार्यक्रममा प्रमुख अतिथि, अतिथिबाट उत्तीर्ण विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गरिएको थियो ।

# भ्रष्टाचारविरोधी आन्दोलनबारे प्रवचन




भक्तपुर, २० असार । वि.स. २०२५ साउन २ तथा २०२६ असार १९ गते भएको ऐतिहासिक भ्रष्टाचारविरोधी आन्दोलन विषयमा नेपाल क्रान्तिकारी किसान सङ्घ, चाँगुनारायण नगर समितिको आयोजनामा प्रवचन कार्यक्रम भयो ।

नेमकिपा जिल्ला समिति भक्तपुरका उपाध्यक्ष न्हुछेभक्त फोजूले पार्टीले देश र जनताको सेवा गर्न राजनीति गरिरहेको बताउनुभयो । पार्टीका कार्यकर्ता क्रियाशील, अध्ययनशील, अनुशासित भई अघि बढ्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले जनताको आवश्यकता र अघि बढ्नुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष गोविन्द दुवालले पार्टी नीति र निर्देशानुसार किसान आन्दोलन, भ्रष्टाचारविरोधी आन्दोलन, भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको विरोध गरी विश्वका जनताको हक हितको बारेमा कठीनभन्दा कठीन आन्दोलन अघि बढाई देश र जनताको पक्षमा निरन्तर गतिविधिहरू भइरहेको प्रस्ट्याउनुभयो ।

कार्यक्रममा समितिका उपाध्यक्ष जि.राम सुवाल, एस.बी. फोजुले पनि बोल्नुभएको थियो ।

# वागमती प्रदेशसभा: दुई विधेयक बहुमतले पारित

मकवानपुर, २० असार । बागमती प्रदेशसभाको आजको बैठकले प्रदेश विनियोजन विधेयक २०८३ र प्रदेश आर्थिक विधेयक २०८३ लाई बहुमतले पारित गरेको छ । बैठकमा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले प्रदेश विनियोजन विधेयक २०८३ लाई पारित गरियोस् भनी प्रस्ताव पेस गर्नुभएको थियो ।

प्रदेशसभाका सदस्यहरू क्रमशः ईश्वर सापकोटा, श्रृजना सैँजु र रत्नप्रसाद ढकालले सरकारको आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेटमा ल्याइएको रकमको खर्च कटौती गरियोस् भनी ल्याइएको प्रस्तावलाई सो बैठकको बहुमतले अस्वीकृत गर्यो ।

साथै बैठकमा आर्थिक मामिला तथा योजनामन्त्री तामाङले प्रदेश आर्थिक विधेयक २०८३ माथि विचार गरियोस् भनी प्रस्ताव पेस गर्नुभएको थियो । प्रदेश आर्थिक विधेयक २०८३ को सैद्धान्तिक पक्षमा मात्र छलफल गरिएको थियो ।

विधेयकमाथि श्रृजना सैँजु, रत्नप्रसाद ढकाल र नुरज बज्राचार्यले छलफलमा सहभागी हुँदै सरकारले यातायात क्षेत्रका उपभोक्ताहरूलाई लाइन्सेस नवीकरणलगायत अन्य सेवा लिन बढी करको भार थपिने भएकाले सो प्रक्रियालाई संशोधन हुनुपर्ने सुझाव दिनुभयो ।

त्यस अवसरमा मन्त्री तामाङले छलफलमा उठेको प्रश्नहरूको जवाफ दिँदै राज्य सञ्चालन गर्न कानुनसम्मत करको दायरा हेरफेर गर्न र केही रकम बढाउन सकिने भएकाले सर्वसाधारण नागरिकलाई सेवा विस्तारमा थप सुविधा उपलब्ध गराइने बताउनुभयो । मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलगायत विभिन्न मन्त्रीले विभिन्न मन्त्रालयका विषयमा छलफल उठेका प्रश्नहरूको जवाफ दिनुभएको थियो ।

प्रदेशसभाका उपसभामुख अप्सरा चापागाईंले प्रदेशसभाको अर्को बैठक सूचना जारी नभएसम्मका लागि प्रदेशसभाको बैठक स्थगित गर्नुभएको थियो । रासस

## *जाँचबुझ...*

**राम चर्माकारको कागज व्यहोरा :**

म कलङ्कीमा भएको आन्दोलनमा सहभागी थिएँ । गोली मेरो आँखामा लागेको छ । राज्यबाट व्यापक बल प्रयोग भयो । राज्यबाट क्षतिपूर्ति, न्यायिक कारबाही, नीति सुधार चाहिन्छ । भ्रष्टाचारीलाई कारबाही हुनुपर्छ । आन्दोलनमा घुसपैठ भएको छ । दोषी पत्ता लगाई कारबाही होस् ।

**सुमन बोहराको कागज व्यहोरा :**

म त्रिपुरेश्वरको आन्दोलनमा सहभागी थिएँ । सुरक्षाकर्मीले बिनाचेतावनी लाठी प्रहार गर्दा मेरो खुट्टामा चोट लागेको छ । राज्यबाट क्षतिपूर्ति, न्यायिक कारबाही र नीति सुधार होस् । भ्रष्टाचारीलाई कारबाही हुनुपर्छ । आन्दोलनमा घुसपैठ भएको छ, दोषी पत्ता लगाई कारबाही होस् ।

**नृप रोकायाको कागज व्यहोरा :**

म बानेश्वरको आन्दोलनमा सहभागी थिएँ । मेरो निधारमा चोट लागेको छ । राज्यले अति बल प्रयोग गर्‍यो । राज्यबाट क्षतिपूर्ति, न्यायिक कारबाही, नीति सुधार चाहिन्छ । २४ गते घुसपैठ भयो, दोषी पत्ता लगाई कारबाही गरिनुपर्छ ।

**विजेश तामाङको कागज व्यहोरा :**

म माइतीघरदेखि बानेश्वरसम्मको आन्दोलनमा सहभागी थिएँ । भिड सुरूमा शान्त र संसद् भवनमा पुगेपछि आक्रामक भएको थियो । मलाई खुट्टामा गोली लागेको छ । भ्रष्टाचारीलाई कारबाही हुनुपर्छ । आन्दोलनमा घुसपैठ भएको छ । दोषी पत्ता लगाई कारबाही गरिनुपर्दछ ।

**कुमार उपाध्यायको कागज व्यहोरा :**

म कुमारी आयल स्टोर्समा लेखापालको काम गर्छु । भदौ २४ गते म मेरो घरको छतमा गएको बेला गौशाला प्रहरी कार्यालयमा प्रदर्शनकारीहरूले आगजनी गरिरहेका थिए । गोली मेरो पाखुरामा लागेर फोक्सो र ढाडसम्म पुगेको छ । डाक्टरको नियमित उपचारमा छु । राज्यले मेरो परिवारको भरणपोषण र दोषीलाई कारबाही गरोस् ।

## *एसईई...*

भक्तपुर नगरपालिका-५ का वडा अध्यक्ष योगेन्द्रमान बिजुक्छेँ, प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराई र 'भक्तपुर' मासिकका सम्पादक लक्ष्मणराज जोशीले पुस्तकबारे समीक्षा प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा एभरेस्ट इ. स्कूलका प्रिन्सिपल भक्त राजभण्डारीले भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी गुणस्तरीय शैक्षिक वातावरण निर्माण गरेको उल्लेख गर्दै भक्तपुरलाई शैक्षिक गन्तव्य बनाउने सोच देशभरका स्थानीय तहका लागि उदाहरणीय रहेको बताउनुभयो ।

४.० जीपीए प्राप्त एभरेस्ट इ. स्कूलका विद्यार्थी मनोज्ञ जोन्छेँ र वागीश्वरी माविका सुविना श्रेष्ठले आफ्नो सफलतामा मार्गदर्शन गर्ने अभिभावक, विद्यालय, शिक्षक-शिक्षिका तथा भक्तपुर नगरपालिकाप्रति हार्दिक धन्यवाद गर्दै सबैको निरन्तर सहयोग, प्रेरणा र अनुकूल शैक्षिक वातावरणका कारण उत्कृष्ट नतिजा हासिल गर्न सफल भएको बताउनुभयो ।

कार्यक्रममा शिक्षा शाखाका प्रमुख साधुराम फुयालले स्वागत मन्तव्य राख्दै नगरपालिकाले उत्कृष्ट विद्यार्थी र विद्यालयलाई सम्मान गर्दै शैक्षिक उत्कृष्टतालाई प्रोत्साहन गर्ने तथा गुणस्तरीय शिक्षाको विकासमा थप प्रेरणा प्रदान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरेको बताउनुभयो ।

**विद्यार्थी सम्मान**

कार्यक्रमका प्रमुख अतिथि प्रेम सुवालले शैक्षिक सत्र २०८२ को माध्यमिक शिक्षा परीक्षा (एसईई) मा ४.०० जीपीए प्राप्त गरी उत्कृष्ट नतिजा हासिल गरेका १३ जना विद्यार्थीलाई सम्मान गर्नुभयो ।

सम्मानित हुने विद्यार्थीमध्ये सैनिक आवासीय महाविद्यालयका सर्वाधिक ४ जना विद्यार्थी रहेका छन् । त्यसैगरी एभरेस्ट इङलिस स्कूल र मेधा माध्यमिक विद्यालयबाट २/२ जना तथा वागीश्वरी माध्यमिक विद्यालय (नियमित), महेन्द्र विद्या आश्रम, जेन्युइन इङलिस सेकेन्डरी स्कूल र गोल्डेन गेट इङलिस सेकेन्डरी स्कूल र राजश्री गुरुकुलबाट १/१ जना विद्यार्थी सम्मानित भएका थिए ।

विद्यालयगत रूपमा सम्मानित हुने विद्यार्थीहरूमा सैनिक आवासीय महाविद्यालयका विविसा भण्डारी, रोमी भुजु, समृद्धि काफ्ले र सिद्धिका कँडेल, एभरेस्ट इङलिस स्कूलका नुटन राई र मनोज्ञ जोन्छेँ, मेधा माध्यमिक विद्यालयका प्रनिस ढुङ्गेल र सेनिस आचार्य, वागीश्वरी माध्यमिक विद्यालय (नियमित) का सुविना श्रेष्ठ, महेन्द्र विद्या आश्रमका एन्जेलिना दुवाल, जेन्युइन इङलिस सेकेन्डरी स्कूलका विन्दी थापामगर, गोल्डेन गेट इङलिस सेकेन्डरी स्कुलका रुवि साह मानन्धर र राजश्री गुरुकुलका अश्लेसा खड्का रहेका छन् ।

**विद्यालय सम्मान कार्यक्रम**

सोही क्रममा शैक्षिक सत्र २०८२ को माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्कृष्ट नतिजा हासिल गर्दै शतप्रतिशत उत्तीर्ण गराउन सफल ७ वटा विद्यालयलाई सम्मान गरिएको थियो । सम्मानित हुने विद्यालयमध्ये मेधा माध्यमिक विद्यालय, पद्म माध्यमिक विद्यालय (सिभिल), मिनर्वा इ. सेकेन्डरी स्कूल, सूर्यविनायक इ. स्कूल, होली गार्डेन इ. सेकेन्डरी स्कूल, बाल विकास इ. सेकेन्डरी स्कूल र लनर्स एकेडेमी रहेका छन् ।

## *नरामा...*

लेखाजोखाबारे सदनमा जानकारी दिएका छन् ? नेपालका कुनै पनि ठुलठुला उद्योगले आ-आफ्नो उत्पादनको ठीक ठीक बुद्धि बताएकै छैनन्, अन्तशुल्क र भन्सार छलेर काम गरेका अनेक समाचारहरूको छानबिन र कारबाहीबारे छलफल भएका छैनन् ।

नेपालको वर्तमान 'निजी क्षेत्रको' नेतृत्व राष्ट्रिय पुँजीपतिवर्गको हातमा छैन, त्यस वर्गले नेपालको निजी क्षेत्रको उत्पादन बढाउने उद्देश्य राख्दैन । हो, यो एक सैद्धान्तिक विषय हो । 'अब के गर्‍यो भने निजी क्षेत्रको मनोबल बढ्नेछ' भन्ने प्रश्नको उत्तरमा आउनेछ - 'देशका सबै उत्पादन निजी क्षेत्रलाई एकहट्टी सुम्पेमा निजी क्षेत्रको मनोबल' बढ्ने पक्का छ !

अर्थमन्त्री वाग्लेले अर्थतन्त्र सुधारका धेरै काम भएको दाबी गरेका छन् । सिंहदरबारको कागजपत्र र आफ्ना घेराभित्र सीमित कामले होइन परिणामले अर्थतन्त्र, जनता र समाजमा देखिनु आवश्यक छ, हल्लाले होइन ।

**मौसमजन्य भाइरलबाट सुरक्षित बनौं**

- मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं,
- नियमित रूपमा साबुनपानीले हात धुने बानी बसालौं,
- भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं,
- खोक्दा वा हाच्छ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं,

स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं
चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा